# महिला शिक्षकको उपस्थितिले छात्रा सहभागितामा परेको प्रभाव

त्रिभुवन विश्व विद्यालय शिक्षा शास्त्र संकाय शौक्षिक योजना तथा व्यवस्थापन विषय
स्नातकोत्तर तह (एम. एड.)

दोश्रो बर्षको **(ED. P. M. 598)** को आंशिक आवश्यकता पूरा गर्नका लागि प्रस्तुत

# शोधपत्र


शोधार्थी

**रामेश्वर साह**

क्याम्पस दर्ता मितिः २०६६-०७-०९

क्याम्पस दर्ता नम्बर : १९६/२०६६

त्रि. वि. वि. दर्ता नं. ३४६६६-८९

परीक्षा रोल नं. : १३०१४३/२०६८

श्री सू.स.मो.या. बहुमुखि क्याम्पस सिरहा



२०७१

त्रिभुवन विश्वविद्यालय
**Tribhuvan University**
सू.स.मो.या.बहुमुखि क्याम्पस सिरहा (शिक्षा)
**S.S.M.Y.M.Campus Siraha(Education)**

क्याम्पस फोन :०३३५२००८२
आवास:
फ्याक्स: :०३३५२००८२
Email:

मिति: Date:

च.नं. :D.No. :

प.सं. : /Ref No. :

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय सिरहा क्याम्पस (शिक्षा) शैक्षिक योजना तथा व्यवस्थापन मूल विषय लिई स्नातकोत्तर तह एम.एड. दोश्रो बर्षमा अध्ययनरत छात्र रमेश्वर साहले महिला शिक्षकको उपस्थितिले छात्रा सहभागितामा परेको प्रभाव शीर्षकको शोधपत्र मेरो पूर्ण निर्देशन सल्लाह र सुझावको आधारमा तयार गनु भएको हो । उक्त शोधकार्यको निजको आफ्नो स्वतन्त्र अध्ययनको परिणाम हो र तयार गरिएको यस शोध कार्यप्रति म पूर्ण सन्तुष्ट छु । निज शोधकर्ताको प्रस्तुत शोधपत्रलाई शिक्षा योजना तथा व्यवस्थापन विभाग शोध मूल्याङ्कन समिति सू.स.मो.या.बहुमुखि क्याम्पस सिरहा (शिक्षा)मा मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

..................

प्रा. चन्देश्वर यादव
शोध निर्देशक

मिति : २०७१/०७/०२
इ.स.: १९, अक्टुबर, २०१४

त्रिभुवन विश्वविद्यालय

**Tribhuvan University**

सू.स.मो.या.बहुमुखि क्याम्पस सिरहा (शिक्षा)

**S.S.M.Y.M.Campus Siraha(Education)**

क्याम्पस फोन :०३३५२००८२
आवास:
फ्याक्स: :०३३५२००८२
Email:

मितिः Date:

च.नं. :D.No. :

प.सं. : /Ref No. :

# स्वीकृत पत्र

त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र संकाय श्री सू.स.मो.या.बहुमुखि क्याम्पस सिरहा (शिक्षा) शैक्षिक योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह (एम.एड.) दोश्रो वर्षको आंशिक परिपूर्तिको लागि रामेश्वर साहले महिला शिक्षकको उपस्थितिले छात्रा सहभागितामा परेको प्रभाव शीर्षकमा शोध अध्ययन पूरा गरी स्वीकृतिका लागि प्रस्तुत गर्नु भएकाले आवश्यक मूल्याङ्कन गरी मूल्याङ्कन समितिबाट शोधपत्र स्वीकृत गरिएको छ ।

मूल्याङ्कन समिति

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री चन्देश्वर यादव | विभागिय प्रमुख/ शोध निर्देशक | |
| २ | श्री धर्म राज सिंह | सदस्य | |
| ३ | प्रा.डा.श्री प्रदिप चन्द्र गौतम | बाह्य परीक्षक | |

मिति : २०७१/०७/०२

इ.स.: १९, अक्टुबर, २०१४

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र संकाय अन्तर्गत शैक्षिक योजना तथा व्यवस्थापन विषयको स्नातकोत्तर तह (एम.एड.) द्वितिय वर्ष (EDP: ५८९) विषयको शोधपत्रको आवश्यकता परिपूर्तीका लागि तयार गरिएको हो । प्रस्तुत शोधपत्र प्राथमिक विद्यालयमा महिला शिक्षकको उपस्थितिले छात्रा सहभागितामा परेको प्रभाव कालिकोट जिल्ला कोटवाडा श्रोतकेन्द्रका प्रा.वि.मा केन्द्रित रही तयार पारिएको छ ।

यस शोधकार्यको शोधपत्र प्रस्तावना र शोध पत्र लेख्ने क्रममा सल्लाह सुझाव दिएर सहयोग प्रदान गर्नुहुने शैक्षिक व्यवस्थापन विभागका विभागीय प्रमुख तथा शोध निर्देशक आदरणीय गुरु चन्देश्वर यादव र आफ्नो अमूल्य समय तथा उचित मार्ग निर्देशन दिनु हुने गुरु धर्मराज सिंह ज्यू प्रति हार्दिक आभार व्यक्त गर्दछु साथै शोधपत्र तयार गर्ने क्रममा प्रेरणा, सल्लाह, सुझावप्रदान गरी सहयोग गर्नु हुने क्याम्पस प्रमुख श्री रामपृत यादव ज्यू तथा शैक्षिक व्यवस्थापन विभागका अन्य गुरुहरु प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोध पत्र लेख्ने कार्यका लागि आवश्यक तथ्याङ्क उपलब्ध गराएर सहयोग गर्नु हुने प्रधानाध्यापक शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी विद्यालय निरिक्षक स्रोतव्यक्ति, शैक्षिक तालिम उपकेन्द्रका प्रमुख प्रति अभारी छु । अध्ययन क्षेत्रमा रहेका शिक्षकहरु सरोकारबाला पक्ष तथा कम्प्युटर टाईप गरी सहयोग गर्नुहुने गणेश कुमार चौधरी र निर्मला कुमारी चोधरीलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु ।

रामेश्वर साह

शोधकर्ता

## शोधसार

प्रस्तुत अध्ययन प्राथमिक विद्यालयमा महिला शिक्षकको उपस्थितिले छात्रा सहभागितामा पारेको प्रभाव शीर्षकमा तयार गरिएको छ । यस अनुसन्धानको मुख्य उद्देश्य महिला शिक्षकको उपस्थिति र छात्रा सहभागि पत्ता लगाउनु रहेको छ । वर्तमान परिवेशसम्म आइपुग्दा पनि नेपालमा लिङ्गीय भेदभावले जरो गाडेकै छ । नेपालमा महिलाहरु अझै पनि शिक्षाको पहुँचसम्म आइपुगेका छैन । यो नेपाल नेपालीको लागि विडम्बनाको विषय नै बनेको छ । एउटा अंङ्गको अपाङ्गताले राष्ट्र, समाजलाई दुर्गामी असर परि पछौटेपनको स्थिति देखिन्छ । नेपालमा लिङ्गीय विभेद विरुद्ध र महिला सशक्तिकरणनका लागि नीति नियमको प्रारम्भ देखि महिलाहरुको सहभागितामा केहि अंशमा वृद्धि भएको पाइन्छ । विद्यालय तहमा महिला शिक्षकको उपस्थितिले छात्रा सहभागितामा परेको प्रभाव सम्बन्धमा विश्लेषण गर्न यो अध्ययन गरिएको हो ।

कालीकोट जिल्ला अन्तर्गतको कोटवाडा स्रोतकेन्द्रका ४० वटा प्राथमिक विद्यालयहरुमध्ये १२वटा विद्यालय गोला प्रथाद्वारा छनौट गरी नमूना छनौट गरेका विद्यालयमा भएको वर्तमान अवस्थामा शिक्षक, शिक्षिका र छात्र, छात्राको विवरण र अवस्थाको पहिचान गरी शैक्षिक सत्र २०६८, २०६९, २०७० मा विद्यालय छोड्ने, कक्षा दोहोऱ्याउने कक्षा छात्रछात्रा अवस्था तुलनात्मक रुपमा कक्षागत, तहगत रुपमा विवरणहरु विश्लेषण गरी प्रस्तुत गरिएको छ । प्रत्येक विद्यालयका प्रधानाध्यापक, विद्यालय व्वस्थापन समिति, अभिभावक, शिक्षाप्रेमी, कर्मचारी (स्रोतव्यक्ति, जिल्ला शिक्षा कार्यालय कर्मचारी) सँग भेटघाट, छलफल, प्रश्नावली, अन्तर्वार्ता धारणा र प्रतिक्रिया आदि माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ । प्राथमिक र द्वितीय विधिबाट संकलित तथ्याङ्कहरुलाई तालिकीकरण प्रतिशत सहितबाट तथ्याङ्कको प्रस्तुत र विश्लेषण गरिएको छ ।

यस अध्ययनबाट महिला शिक्षकको संख्या विद्यालयमा न्यून रहेको जम्मा २४ प्रतिशत मात्र रहेको पाइयो । महिला शिक्षक भएको विद्यालयमा छात्रा सहभागिता पनि बढि रहेको र शैक्षिक उपलब्धि पनि बढि छ भने महिला शिक्षक नभएको विद्यालयमा छात्रा सहभागिता र कक्षागत शैक्षिक उपलब्धि पनि कमि नै रहेको छ । विद्यालयमा महिला शिक्षक र छात्रा सहभागिताको स्थिति उत्साहजनक पाइएन । यस अध्ययन क्षेत्रमा +२ बाट उत्तीर्ण गरेका धेरैजसो छात्राहरु बेरोजगार नै भएकाले र विभिन्न कारणहरुले विद्यालय शिक्षाप्रति उदासिनता देखियो । अभिभावकहरु छोरीलाई विद्यालयमा पढाउने तर्फ सचेत भएपनि

छोरीको शैक्षिक गुणस्तरको बारेमा केहि पनि नसोचेको र छोरीलाई फुर्सदको रुपमा शिक्षा आर्जन गर्न लगाएको देखियो । उक्त समस्या देखा पर्नुका कारणहरु गरिवी, अशिक्षा, सामाजिक संस्कृति अभिभावकमा चेतनाको कमि रहेका छन् ।

उल्लेखित समस्या समाधान गर्नका लागि महिलाहरुको आर्थिक अवस्थामा सुधार ल्याउनु रोजगारी, सिपमूलक तालिमको व्यवस्था, परम्पारगत सोच परिवर्तन आधुनिकिरणको विकाश, समतामूलक र समावेशी शिक्षा, छात्रवृत्ति कोटा र रकम बढाउनुपर्ने समाजमा रुढिवादी संस्कारको अन्त्य, महिलाहरुलाई उच्च शिक्षा पनि निःशुल्क गर्नुपर्ने, विद्यालयमा छात्राहरुको लागि पोषाक र खाजाको व्यवस्थाका साथै महिला दरवन्दी थप गरी महिला शिक्षकको व्यवस्था मिलाउनुपर्ने जस्ता विभिन्न उपायहरुको खोजी गर्नुपर्ने देखिन्छ ।

# विषयसूची


| क.स. शिर्षक | पेज नं. |
|---|---|
| सिफारिस पत्र | I |
| स्वीकृति पत्र | II |
| कृतज्ञता ज्ञापन | III |
| शोधसार | IV |
| विषयसूची | VI |
| **परिच्छेद एक : परिचय** | **१-८** |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ५ |
| १.३ अध्ययनको औचित्य | ६ |
| १.४ अध्ययनको उद्देश्य | ७ |
| १.५ अनुसन्धानमूलक प्रश्नहरु | ७ |
| १.६ अध्ययनको परिसीमा | ८ |
| **परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका** | **९-१८** |
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | ९ |
| २.२ अध्ययनको सैद्धान्तिक खाका | १७ |
| २.३ पूर्व साहित्य समिक्षाको शैक्षिक उपादेयता | १८ |
| **परिच्छेद तीन : अनुसन्धान विधि** | **१९-२२** |
| ३.१ अनुसन्धानात्मक ढाँचा | १९ |
| ३.२ नमुना छनौटका आधारहरु | १९ |
| ३.३ अध्ययनको जनसंख्या र नमुना छनौट | १९ |
| ३.४ तथ्याङ्क संकलन स्रोतहरु | २० |
| ३.५ तथ्याङ्क संकलनका साधनहरु | २१ |
| ३.६ तथ्याङ्क संकलन प्रक्रिया | २२ |
| ३.७ तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण प्रक्रिया | २२ |

५.२ सुझावहरु ४७
५.२.१ नीतिगत तह ४७
५.२.२ कार्यान्वयन तह ४८
५.२.३ अनुसन्धान तह ४९
**सन्दर्भसूची**
**अनुसुची**

# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानव समाज महिला पुरुषको संयोगबाट नै विकासको गतिमा अग्रगति प्राप्त गर्दै आइरहेको छ । तसर्थ नारी बिनाको समाजको कुनै कल्पना गर्न सकिन्न । यो सृष्टिलाई गौरवमय रुपबाट गतिवान तुल्याउन महिलाहरुको महत्वपूर्ण योगदान रहन्छ । चाहे त्यो आर्थिक क्षेत्र, राजनैतिक क्षेत्र, सामाजिक क्षेत्र किन नहोस् ? समाजको सर्वाङ्गिण विकासको पक्षमा महिला सहभागिता हुन सके मात्र सुन्दर र समुन्नत समाजको निर्माण हुन्छ । कुनै पनि समाज महिला र पुरुषको समान सहभागिताको आधारमा निर्माण भएको हुन्छ । सृष्टिको संरचना गर्न वा व्यावहारिक जीवनयापन गर्न महिलाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । हाम्रो देश नेपालको कुरा गर्दा पनि जनसंख्याको आधा भन्दा बढी भाग महिलाले नै ओगटेको छ ता पनि सामाजिक विकास तथा प्रशासनिक संरचनामा महिलाको सहभागिता न्यून देखिन्छ । त्यसैले पुरुषमात्रको सहभागिताबाट देश समाजको विकासको परिकल्पना गर्न सकिन्न । नेपालको सन्दर्भमा पनि पुरुष प्रधान समाजको हालीमुहाली हुनको मुख्य कारण महिलामा शिक्षाको कमी हुन नै हो ।

शिक्षा मानिसको जन्मसिद्ध अधिकार हो । मानिसका आधारभूत आवश्यकता गास, वास, कपास जस्तै शिक्षा पनि महत्त्वपूर्ण आवश्यकता हो । शिक्षाले विभिन्न प्रकारका ज्ञान प्रदान गरी खोज अनुसन्धान गर्न उत्साहित गर्दछ । शिक्षाले मानिसमा विवेक र सृजनशिलताको विकास गरी कुनै पनि क्षेत्रमा अध्ययन र अनुसन्धानमूलक कार्यमा सक्रियता बढाई त्यसमा देखिएका समस्याहरुलाई उजागार गरी मानवीय जीवनशैली र मानव समाजलाई सुखी सम्पन्न र गौरवमय बनाउने साध्य र साधन दुबै हो । यसका साथै लगानी उपभोग र विकासको पूर्वाधार हो । तसर्थ यसले व्यक्तिको आन्तरिक शक्तिलाई प्रस्फुटन गराउँछ । आर्थिक, सामाजिक, बौद्धिक, भौतिक विकास गराउने आधारभूत तत्त्व हो । शिक्षा साझा विषय भएकाले महिला परापूर्वकाल देखि नै विभिन्न तरिकाले नेतृत्व गर्दै आएको पाइन्छ । १९औं शताब्दीमा बेलायतकी पत्रकार महिला एगलैव्टजेवले बालअधिकार महासान्धि पारीरत गराइन् । इलेनोर रुजवेल्टले सन् १९४८ डिसेम्बर १० मा विश्वाव्यापी मानवअधिकार घोषण पत्र जारी गराई मानवीय सृष्टिको विकास गराईन । त्यस्तै २० औं शताब्दी इन्दिरा गान्धि र आङसाङ सुकीले राजनैतीक क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएकी छन् । वैज्ञानिक

क्षेत्रमा फ्लोरेन्स नाइटिङ्गेल मदर टेरेसा, म्याडमक्यूरी जस्ता महिलाहरुको मात्र अग्र पङ्क्तिमा आउँछ (वि.सी. २०६७)।

नेपालको सन्दर्भमा पनि हरेक क्षेत्रमा महिलाहरुले आफ्नो क्षमतालाई पर्दशन गर्न सफल भएका छन्। राजनैतिक क्षेत्र, सगरमाथा चढ्ने, हवाइजहाज उडाउने, साहित्यिक क्षेत्र आदि कार्यमा सक्षम हुनु महिला क्षमताको पर्दशन हो। तसर्थ शिक्षा महिलाको पनि नैसर्गिक आधिकार हो। नेपालमा महिला शिक्षाको शुरुवात वि.सं. १९५५ मा भारतबाट गंगावाई आएर काठमाडौंको ठमेल स्थित ढोकाटोलमा कन्या पाठशालाका स्थापनागरी महिला शिक्षालाई अघि बढाउने प्रयास गरिएको थियो (के.सी. २०६६)। वि.सं. १९९० सालको एस.एल.सी. परीक्षामा पनि २ छात्राहरु परीक्षामा समावेश भएका थिए। वि.सं. २००७ सालमा नेपालको महिला ०.७ प्रतिशत वि.सं. २०२८ सालमा ३.७ प्रतिशत थियो भने महिला र पुरुषको साक्षरता फरक २२ प्रतिशत थियो। महिला शिक्षाको लागि तुल्सेमेयर श्रेष्ठले पनि केही योगदान पुऱ्याएको पाइन्छ। उनले २००४ सालदेखि महिला विद्यार्थीहरुलाई भारतका गान्धि आश्रममा पढ्न र सीप सिक्न पठाउन छात्रवृत्तिको बन्दोवस्ता गरेका थिए (वि.सी. २०६७)। यस भन्दा बढी महिलाहरुले संस्थागत रुपमा छात्रवृत्तिका पाएर भारतमा गइ अध्ययन गरेका थिए।

महिला शिक्षा परियोजनामा २०२७ मा युनेस्कको आर्थिक सहयोगमा शिक्षामा महिलालाई समान अवसर कार्यक्रम शिक्षा मन्त्रालयले सञ्चालन गरेको थियो। यसको मुख्य उद्देश्य महिलाहरुलाई शिक्षण पेशामा लाग्न उत्सुक गराउनु र महिलाको सकारात्मक भावनाको विकास गराउनु थियो। महिला शिक्षा परियोजनाले महिलाहरुलाई तालिम दिई प्रा.वि. शिक्षक बनाउनका लागि विभिन्न ठाउँमा परियोजना सञ्चालन गरेको थियो। शिक्षाशास्त्र अध्ययन संस्थाहरुमा वि.सं. २०२८ सालमा पोखरा, २०३० सालमा धनकुटा, २०३३ सालमा नेपालगञ्जमा र २०३६ सालमा जुम्लामा शिक्षण तालिम सञ्चालन गरिएको थियो। त्यतिबेला एस.एल.सी. पास गरेकालाई ए लेवल र १० कक्षा पास गरेकोलाई वि लेवल तालिम उपलब्ध गराइन्थ्यो। जसलाई शैक्षिक स्तर वृद्धि कार्यक्रम भनिन्थ्यो। तालिम लिनको लागि छात्रावासमा बस्ने छात्राहरुलाई छात्रवृत्ति, पोषाक, औषधी, उपचार र पाठ्यपुस्तक आदि व्यवस्था गरिएको थियो। महिला शिक्षा परियोजनाको नाम २०३६ सालमा "नेपालमा महिला छात्राको शिक्षा" रहन गयो (के.सी. २०६६)। वि.सं. २०४० साल

देखि महिला शिक्षा परियोजनाको कार्यालय शिक्षा तथा संस्कृति मन्त्रालय समेत खडा गरियो र यस परियोजाको सम्पूर्ण कार्यक्रमको सम्पूर्ण खर्च युनिसेफले र नेपाल सरकारले बेहोर्ने व्यवस्था थियो । यस परियोजनाले पिछडीएका महिलाहरुका लागि चेलीवेटी कार्यक्रम सञ्चालन गरेको थियो । राष्ट्रिय शिक्षा आयोग २०४९ मा महिला शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, शिक्षित महिलालाई शिक्षण पेशामा लगाउने, छात्रालाई विभिन्न छात्रवृत्ति प्रदान गर्ने, महिला शिक्षकलाई समुदायमा परिवर्तनको संवाहको रुपमा विकास गरेको पाइन्छ । उच्च स्तरीय आयोगको प्रतिवेदन २०५५ ले पनि महिला शिक्षाको बारेमा विशेष जोड दिदै भनिएको छ : मूलुकमा विद्यमान महिला शिक्षण सम्बन्धी शिक्षण संस्था, शैक्षिक संगठन विभिन्न गैर सरकारी संस्थामा शिक्षक प्रशिक्षक तालिममा महिलालाई संवाहकको रुपमा तयार गरिने छ । प्रा.वि., नि.मा.वि., मा.वि. तहमा कम्तिमा १ जना महिला शिक्षिकाको व्यवस्उथा गर्ने । त्यस्तैगरी विद्यालय व्यवस्थापन समिति मा अनिवार्य रुपमा १ जना महिला सदस्य रहने व्यवस्था गरेको छ (शिक्षा नियमावली संसोधन २०६१) ।

प्राथमिक विद्यालयमा छात्राहरुलाई छात्रवृत्ति कार्यक्रम कोटाको आधारमा १२ दुर्गम जिल्लाहरुमा विद्यालय भर्ना भएका सम्पूर्ण छात्राहरुलाई छात्रवृत्ति उपलब्ध गराउने कार्यक्रम रहेको थियो (नवौं योजना २०५४-२०५९) ।

मूलुकी ऐनमा स्वास्नी मानिसलाई पक्राउ गर्दा स्वास्नी मानिसनै चाहिने तथा अंशवण्डा सम्बन्धी व्यवस्था पनि उल्लेख छ । (मूलुकी ऐन अंशवण्डा महल) नेपालमा साक्षरता प्रतिशत कुल ५३.७ प्रतिशत रहेकोमा जम्मा पुरुष साक्षरता ६५.१ प्रतिशत र महिला सारक्षता ४२.२६ प्रतिशत र ४६ प्रतिशत जनता निरक्षर छन् । यसैगरी शिक्षक शिक्षिकामा ७४ प्रतिशत पुरुष शिक्षक छन भने २६ प्रतिशत महिला शिक्षिका मात्र छन् (शैक्षिक तथ्याङ्क, २०५८) । मानव समाज परिवर्तनशिद र चेतनशील भएकाले समय क्रममा विभिन्न क्षेत्रमा गुणात्मक र परिमणात्मक रुपमा परिवर्तन भई रहन्छ । नेपालको शैक्षिक क्षेत्रमा महिला सहभागिताको गुणात्मक र संख्यात्मक अवस्था क्रमश : वृद्धि र सुधार हुँदै आइरहेको छ ।

वि.सं.२०६६ ले शैक्षिक तथ्याङ्क अनुसार महिला शिक्षक प्रा.वि., नि.मा.वि. र मा.वि.मा क्रमशः ३०.९, १३.७, ७७ प्रतिशत र पुरुष शिक्षक क्रमश : ६९.१, ८६.३, ९२.२ प्रतिशत र तालिम प्राप्त महिला शिक्षकमा प्रा.वि., नि.मा.वि. र मा.वि. मा क्रमशः ६५.७, ५७.१, ६९.१

प्रतिशत र पुरुष शिक्षक तालिम प्राप्त क्रमशः ६६.८, ५१.३, ७०.२ प्रतिशत र विद्यार्थी सहजै देखिने भर्नादरमा छात्रातर्फ प्रा.वि., नि.मा.वि., मा.वि. मा क्रमशः १३७.६, ७९.९, ५२.४ प्रतिशत र छात्रतर्फ क्रमशः १३९.६, ८१.६, ५२.३ प्रतिशत रहेको छ भने विद्यालयमा खुद विद्यार्थी भर्नादरमा छात्रातर्फ प्रा.वि., नि.मा.वि. र मा.वि. मा क्रमशः ८७.४, ४९.६, ३२.८ प्रतिशत छ भने छात्र तर्फ क्रमशः ९०.७, ५६.८, ३७.७ प्रतिशत रहेको छ (अधिकारी २०६६) ।

नेपालको परिपक्ष्यमा चरणवद्ध रुपमा क्रमशः महिला शसक्तिकरणका लागि समय सापेक्ष सुधार हुँदै पुरुष समान अवसर प्रदान गर्न विभिन्न प्रयासहरु हुँदै आएका छन् । शिक्षा नियमावली २०५७ को नियम ९१ ले हरेक प्राथमिक विद्यालयमा कम्तिमा १ जना महिला शिक्षिकाको दरबन्दी अनिवार्य गर्दै क्रमशः मा.वि. तह सम्म अनिवार्य महिला शिक्षिकाको व्यवस्था गर्ने प्रावधान उल्लेख गरेको छ । शिक्षा नियमावली परिच्छेद ५ को धारा २२ (ङ) को उपनियम १२ मा महिला शिक्षकको परिक्षणकाल ६ महिना रहने व्यवस्था छ । नेपालको आन्तरिम संविधान २०६३ को भाग ३ को धारा २० मा महिला सम्बन्धी हकको व्यवस्था उल्लेख हुनुका साथै प्रत्येक राजनैतिक दलले समेत संसदमा १/३ महिला उम्मेदवार उठाउनु पर्ने प्रावधान राखेको छ्न् । नेपालको अन्तरिम संविधान २०६३ को भाग ३ धारा १८ बमोजिम महिलालाई सामाजिक सुरक्षा सम्बन्धी ३३ प्रतिशत आरक्षणको व्यवस्था छ । आमाको नामबाट नागरिकता पाउने अवसर पनि उपलब्ध भएको छ । तसर्थ महिला अधिकारको सुनिश्चितका लागि विविध क्षेत्रमा विभिन्न कार्यहरु कार्यान्वयन हुँदै आएको पाइन्छ । अझै महिलामा भएको पछौटेपनको अध्ययन छ । महिला हक अधिकारका लागि तय गरिएको ऐन नियम व्यावहारिक रुपमा कार्यान्वयन भएको पाइदैन नहुनाका कारणहरुर प्रभावको अनुसन्धान गरी निराकरण गर्न आवश्यक छ ।

कर्णाली अञ्चलको कालीकोट जिल्लामा पनि हरेक क्षेत्रमा महिला सशक्तिकरणका लागि जति नियम पारीत भए पनि त्यहाँको अचेतना, भौगोलिक विकटता, असभ्यता, रुढीवादी सोच जस्ता सामाजिक विकृतिका कारण महिलामा हरेक क्षेत्रमा पछौटेपन हुनुका साथै शिक्षा क्षेत्र पनि अछुटो छैन । लिङ्गिय भेदभाव तथा परम्परागतशैली, सामाजिक कुसंस्कार र कुसंस्कृतिले शिक्षा क्षेत्रमा महिलालाई समान अवसर प्रदान गर्ने, राज्य तथा विभिन्न सरकारी गैर सरकारी संस्थाहरुले प्राथमिक नीति अलवम्बन गर्दै जाँदा न्यून उपलब्धि

देखिएतापनि नीति नियमको कार्यान्वयन पक्षअति नै कम्जोर देखिन्छ । यस्तो हनुमा मुख्य भुमिका खेल्ने कारक तत्त्वको खोजी गर्न तत्सम्बन्धी विभिन्न सवालको उत्तर खोजी गर्न आवश्यक भएकोले यसका लागि कालीकोट जिल्ला अन्तर्गत कोटावाडा स्रोतकेन्द्रका १२ वटा प्राथीमि विद्यालय छनौट गरिएको छ । जसबाट वास्ताविकता पत्ता लगाई त्यसको समयमा नै उपचार गरी सामान्यीकरण ज्ञानको भण्डारमा सहयोग पुर्‍याउन यो अध्ययन महत्त्वपूर्ण हुने छ ।

## १.२ समस्याको कथन

मानव समाजलाई सभ्य सुविधा र सम्पन्नतामा पुर्‍याउने मार्ग नै शिक्षा हो । समाजमा विद्यमान विभिन्न पक्षलाई सुधार परिमार्जन संसोधन र रुपान्तरण गर्दै आधुनिकीकरणको संसारसँग समायोजन गर्न सक्षम बनाउने प्रमुख माध्यम पनि शिक्षा हो । वर्तमान परिप्रेक्षमा शिक्षामा सरोकार राख्ने व्यक्तिको मूल चुनौतिको विषय भनेको नै कसरी समाजमा रहेको पुरष र महिला वर्गलाई शिक्षामा समावेश गर्न सकिन्छ भन्ने नै रहेको छ । महिला वर्ग जागरुक भए मात्र समाजले मानवीयशैलीको गति लिन सक्छ । महिलालाई बच्चा जन्माउने मेशिन धारणाको अन्त्य गरेर महिलालाई समाजको हरेक पक्षमा उन्नती र प्रगति तथा परिवर्तन गर्ने संवाहकको रुपमा सरिक गराउन शिक्षामा महिलाको सहभागिता बढाएर मात्र सम्भव छ । त्यसैले नेपालमा महिला विकासका लागि विभिन्न समयमा विविध सुधारका प्रयासहरु भइरहेका छन् । फलस्वरुप महिलाको स्थितिमा केही सुधार हुँदै आइरहेको पाइन्छ । वि.सं. २००७ सालमा पुरुषको साक्षरता ९.५ प्रतिशत थियो भने महिला साक्षरता ०.७ प्रतिशत थियो भने हाल महिला ६५प्रतिशत साक्षर छन भने पुरुष ८५ प्रतिशत साक्षर छन् । यसैगरी शिक्षक ७४ प्रतिशत छ भने पुरुष शिक्षिका २६ प्रतिशत हुन पुग्यो । नेपालको संविधान ऐन नियममा पनि महिला शिक्षकको हकको व्यवस्था छ । विभिन्न संघसंस्थाहरुले पनि धेरै क्षेत्रमा महिलालाई नै प्राथमिकताको आधारमा अवसर उपलब्ध गराउदै आएकाछन प्रायः विद्यालयमा पढ्न आउने बालबालिका घरको पहिलो शिक्षिका आमालाई छोडेर विद्यालयको वातावरणमा आउने भएकाले घरको जस्तै वातावरणमा निर्धक्करुपमा अध्ययन गर्नका लागि विद्यालयमा महिला शिक्षिका हुन अनिवार्य छ । जति बालबालिका प्रति महिला शिक्षकको सदभाव, माया, स्नेह रहन्छ त्यति नै पुरुष शिक्षकबाट हुन सक्दैन । महिला शिक्षकको काखमा रहदा यसरी बालबालिकाको शारीरिक,सामाजिक र शैक्षिक विकास हुन्छ । त्यति पुरुष शिक्षकको काखमा रहँदा हुन सक्दैन । त्यसैले प्रत्येक विद्यालयमा प्रा.वि. देखि

मा.वि. सम्म वहुसंख्यक महिला शिक्षक हुनु आवश्यक छ । महिला शिक्षकको विद्यालयमा उपस्थितिले छात्रा सहभागितामा वृद्धि हुन सक्छ । जसले गर्दा अभिभावकलाई छोरीलाई विद्यालयमा पढाउने प्रेरणा मिल्छ भन्ने छात्राहरु विद्यालयमा जान प्रेरित हुन्छन् । महिला शिक्षकको इमान्दारीताले विद्यालयमा शैक्षिक गुणस्तरमा वृद्धि हुन्छ ।

त्यसैले नवौं योजना देखि महिला शिक्षकको अवसर तर्फ पहुँच विस्तार गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिएको थियो । जस्तै महिला लक्षित कार्यक्रम, विद्यालयमा महिला शिक्षिका नियुक्ति, लैङ्गिक समानता झल्काउने विषयवस्तु, पाठ्यक्रम र तालिम सामग्रीमा समावेश, अनुगमन तथा मूल्याङ्कन प्रक्रियालाई व्यवस्थित विभिन्न मध्यमबाट शैक्षिक समानता सम्बन्धमा प्रचार प्रसार, महिला सहभागिताका लागि आयमूलक तथा सीप मूलक कार्यक्रहरु तथा छात्रवृत्तिको व्यवस्था गरिदै आएको छ । महिला विकासका लागि विभिन्न कार्यक्रम ल्याइए पनि विद्यालय स्तरमा महिला शिक्षक र छात्राहरुको उपस्थिति पुरुष सरह हुन सकेको छैन । नेपालको सन्दर्भमा यो समस्या विद्यमान भइरहेको परिप्रेक्षमा कालीकोट जिल्लाको कोटवाडा स्रोतकेन्द्र अन्तर्गतका प्रा.वि. देखि मा.वि. सम्मका विद्यालयमा महिला शिक्षक र पुरुष शिक्षक बीच, छात्र र छात्राहरु बीच असमान उपस्थिति रहेको पाइन्छ । यसो हुनाको खास कारण के-के हुन ? यसबाट पर्ने असरहरु के-के हुन ? महिला र शिक्षकको वर्तमान अवस्था कस्तो छ ? महिला शिक्षकको सहभागिता किन आवश्यक छ ? महिला शिक्षक र छात्राहरु विद्यालय न्यून हुनाका कारणहरु के-के हुन ? यस्ता प्रकारका समस्याहरुलाई कसरी समाधान गर्न सकिन्छ ? यिनै प्रश्नहरुको उत्तर खोजी गरी वास्तविक समस्या पत्तालगाई यसको समाधान गर्न यो शोधपत्रमा उत्तर खोज्ने प्रयास गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

आजको विज्ञान र प्रविधिको युगमा महिला सशक्तिकरणका नाराहरु सर्वत्र गुन्जे पनि महिला र पुरुषलाई हेर्ने दृष्टिकोणमा खासै परिर्वतन आउन सकेको छैन । हाम्रो समाज पनि परम्परागतशैलीबाट पुरुष प्रधान समाज भएकै कारणले जुनसुकै ठाउँमा आफ्नो वर्चस्व कायम हुन पर्छ भन्ने सोचले जरा गाडेको भएतापनि महिलाले पनि पुरुष सरह जुनसुकै काम गर्न सक्छन भन्ने कुरा विभिन्न क्षेत्रबाट प्रष्ट भइसकेको छ । महिलाले समाजका हरेक क्षेत्रमा पुरुष सरह अगुवाई गर्न सक्छन् । बालकको पहिलो शिक्षाको शुरुवात महिलाका काखबाट नै हुने भएकाले महिला नै प्रेरणाका स्रोत हुन् । यति हुँदाहुँदै पनि महिलालाई

शिक्षामा समान अवसर लागू गर्न खोजीएको भएता पनि शिक्षण संस्थाहरुमा महिला शिक्षिका र विद्यालयमा छात्रा सहभागिता उचित किसिमले नभएको परिप्रेक्षमा यस विषयको अध्ययन पश्चात विभिन्न समस्याहरुको जानकारीका साथै समस्या निराकरणगरी सुधारको उपाय सम्बन्धी सहयोगमा यो शोधपत्रले योगदान पुऱ्याइएको छ यस शोधपत्रको औचित्यलाई बुदागत रुपमा निम्नानुसार उल्लेख गरिएको छ :

क. शिक्षण संस्थाहरुमा महिला शिक्षक र विद्यालयमा छात्रा सहभागिमा वाधा सृजना गर्ने तत्वहरुको खोजी गर्न ।

ख. चेतना अभिवृद्धि गर्न ।

ग. विद्यालयमा महिला शिक्षक र छात्रा सहभागिता वृद्धि गर्न ।

घ. शिक्षामा महिलाहरुको पहुँच बढाउने उपायहरु अवलम्बन गर्न ।

ङ. महिला सशक्तिकरणका उपयाहरु खोजी गर्न ।

च. विभिन्न संघसंस्थाहरुलाई महिला अवसरका नीति निर्देशन कार्यान्वयन गर्न ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरु निम्नलिखित छन् :

क. विद्यालयमा छात्रा सहभागिताको अवस्था पहिचान गर्नु ।

ख. महिला शिक्षकको उपस्थितिले छात्रा सहभागितामा पारेको प्रभावको विश्लेषण गर्नु ।

ग. महिला शिक्षक र छात्रा सहभागितामा आइपर्ने समस्याहरु पत्ता लगाउनु ।

घ. महिला शिक्षक र छात्रा सहभागिता वृद्धि गर्ने उपायहरुको खोजी गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

प्रस्तुत अध्ययनका उद्देश्यहरु पूरागर्नका लागि निम्नअनुसारका अनुसन्धानात्मक प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएको छ ।

क. विद्यालयमा महिला शिक्षक र छात्रा सहभागिताको अवस्था कस्तो रहेको छ ?

ख. महिला शिक्षकको उपस्थितिले विद्यार्थीको सिकाइ तथा मनोविज्ञानमा कस्तो प्रभाव परेको छ ?

ग. महिला शिक्षक र छात्राहरुको विद्यालय सहभागिता सम्बन्धमा समाजको धारणा के छ ?

घ. विद्यालयमा महिला शिक्षकको उपस्थितिले छात्राहरुको भर्ना सख्यामा वृद्धि भएको छ कि छैन ?

ङ. विद्यालयमा महिला शिक्षक र छात्राहरु न्यून सहभागी हुनाका कारणहरु के-के हुन् ?

च. विद्यालयमा छात्राहरुले कक्षा छाड्ने र दोहोऱ्याउने दर बढी हुनाका कारणहरु के के हुन् ?

छ. विद्यालयमा महिला शिक्षकको उपस्थिति र छात्राहरुको सहभागितामा वृद्धि गर्न के-के उपयाहरु अपनाउनु पर्ला ?

## १.६. अध्ययनको परिसीमा

यस अध्ययनको विषय र क्षेत्र वृहत हुँदाहुँदै पनि स्रोत साधन समय र आर्थिक अवस्थाले गर्दा सिमाङ्कन गरिएको छ । यो अध्ययन खास गरी त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय अन्तर्गत शैक्षिक योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तहको आवश्यकता पूरा गर्ने प्रयोजनाका लागि तयार गरिएकोले कालीकोट जिल्लाको ६ वटा स्रोतकेन्द्र मध्ये कोटवाडा स्रोतकेन्द्र अन्तर्गतका १२ वटा प्राथमिक विद्यालयहरु नमूनाको रुपमा छनोट गरिएको छ । जसमा महिला शिक्षकको उपस्थितिले छात्रा सहभागितामा परेको प्रभावको बारेमा विश्लेषणात्मक अध्ययन गरिएको छ । यस अध्ययनका प्रमुख स्रोतका रुपमा प्रधानाध्यापक, अभिभावक, शिक्षक विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, स्रोतव्यक्ति, विद्यालय निरीक्षक, जिल्ला शिक्षा अधिकारीसँग प्रश्नावलीका आधारमा अन्तरवार्ता छलफल र तथ्याङ्क संकलन गरी प्रतिक्रिया लिइएकोछ ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

अध्ययनलाई उद्देश्यमूलक, उपलब्धिमूलक बनाउन विभिन्न लेख रचना, साहित्य र सिद्धान्तको प्रयोग प्रभावकारी हुने भएकाले यसको अध्ययन क्षेत्रमा सम्बन्धित साहित्य र सिद्धान्तको प्रयोग गरिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

प्राथमिक विद्यालयमा महिला शिक्षकको उपस्थितिले छात्रा सहभागितामा परेको प्रभाव शीर्षकमा गर्न लागिएको अध्ययनका लागि पूर्ववत कार्यहरु सबै चिन्तनको अध्ययनले नयाँ खोजी कार्यका लागि आधार प्रदान गर्ने हुँदा यस अध्ययनमा त्यसँग सम्बन्धित विभिन्न लेख, रचना, शोधपत्र आदिको निम्नानुसार विश्लेषण गरिएको छ ।

रावत (२०५८), प्राथमिक विद्यालय तहमा छात्रा छात्रवृत्ति प्रभावकारिता एक अध्ययन शीर्षकमा सल्यान जिल्लामा गरिएको एक अध्ययन अन्तर्गत प्राथमिक तहमा आर्थिक कठिनाइले पढ्नबाट बन्चित भएका छात्राहरुलाई छात्रवृत्ति वितरण गरिसकेपछि छात्राको संख्यामा वृद्धि, कक्षा विचैमा नछाड्ने, नियमित उपस्थित हुने उर्त्तीण संख्यामा वृद्धि देखा परेको छ । पढ्ने लेख्ने वानीमा परिवर्तन देखिएको छ । अशिक्षित अभिभावकमा छात्रवृत्ति सम्बन्धि चेतना र उत्प्रेरणाको कमि देखियो । यसको समाधानका लागि विद्यार्थी संख्याको अनुपातमा छात्रवृत्ति कोटा वितरण गर्नुपर्ने, छात्रवृत्ति निश्चित समयमा वितरण गरिनुपर्ने, छात्रवृत्ति वितरण गर्न जिल्ला शिक्षा कार्यालयको प्रतिनिधि गइ अभिभावक भेला गराएर वितरण गर्नुपर्ने, छात्रवृत्ति कार्यक्रमको मूल्याङ्कन तथा निरीक्षण गर्नुपर्ने, स्थानीय उत्तेजक तथा प्रोत्साहनको व्यवस्था गरिनुपर्ने छात्रवृत्ति पाउने औचित्यको बारेमा जानकारी दिनुपर्ने जस्ता कुरा आवश्यक देखिन्छन् भनि मत प्रस्तुत गरिएको छ ।

ओझा (२०६१), पाल्पा जिल्लाको विद्यालय उमेरका बालबालिका विद्यालय छाड्ने कारण बारे गरिएको एक अनुसन्धान प्रतिवेदनमा पश्चिम नेपालको सबैभन्दा शिक्षित भनेर चिनिने पाल्पा जिल्ला भरिको अनुपातलाई शिक्षित संख्या धेरै देखिएता पनि त्यस जिल्ला भित्र बसोबास गर्ने केहि जातजातिहरुमा साक्षरता दर निकै न्यून देखिन्छ । त्यसमा पनि विद्यालय उमेरका बालबालिकाहरु मध्ये पनि वालिकाहरु विद्यालय उमेर मै विद्यालय छोड्ने गरेको पाइन्छ । विद्यालय छाड्नुको कारण आर्थिक स्थिति कमजोर, अभिभावक अशिक्षित र निरक्षर

भएर, कक्षाका साथीहरुसँग उमेर नमिलेर, सौतेनी आमाको कारण तथा पारिवारिक कलह, शिक्षकहरुको सामान्य दन्डका कारण विद्यालय छाड्ने गरेको देखिन्छ । उपरोक्त समस्यालाई पहिचान गरी त्यसको निराकरणमा सम्पूर्ण तहबाट तिव्रताका साथ प्रभावकारि रुपमा अगाडि बढाउदै लैजानु पर्दछ भन्ने कुरा उल्लेख गरिएको छ ।

काफ्ले (२०६०), सबैका लागि शिक्षा लक्ष्य, प्रण र कार्ययोजना भन्ने शीर्षकमा उल्लेख गरे अनुसार सन १९९० मा थाइल्याण्डको जोमतेनमा सम्पन्न विश्व सम्मेलनले शिक्षालाई सर्वव्यापिकरण गर्ने प्रतिवद्धताका साथ सबैका लागि शिक्षा भन्ने अभियान अगाडि सारेको र २८ अप्रिल २००० मा सेनेगलको राजधानी डकारमा सम्पन्न १८८ मुलुले “सबैका लागि शिक्षा” आफूहरु समर्पित भइ हस्ताक्षर गरेको अवस्थामा अझै पनि विश्वका करिव ११ करोड ३० लाख बालबालिकाहरुको प्राथमिक शिक्षामा लैङ्गिक भेदभाव निरन्तर कायम रहनु जस्ता चुनौतीहरु औल्याएको छ ।

विश्व शिक्षा मञ्चको वैठकले सबैका लागि शिक्षाका विभिन्न ६ वटा लक्ष्यहरु उल्लेख गरी उक्त लक्ष्य प्राप्त गर्न विभिन्न १२ वटा प्रणहरु समेत गरेका छन् । जव सम्म शिक्षा सबैको पहुँचमा पुग्दैन तबसम्म कुनै पनि राष्ट्रको सर्वाङ्गिण विकास असम्भव छ भन्दै लेखकले हाम्रो देश नेपालमा पनि उक्त विश्व सम्मेलनको सम्झोता पत्रमा हस्ताक्षर गरी शिक्षाको राष्ट्रिय कार्यक्रम भै विभिन्न प्रयासहरु गरिरहेको भएतापनि यसलाई अझ सशक्त रुपबाट अगाडि बढाउन सरकारले विशेष पहल गर्नु पर्ने तथा राष्ट्रका सम्पूर्ण नागरिकहरुले पनि आवश्यक संयन्त्रको साझेदारीपूर्ण र प्रभावकारी कार्यान्वयन गरी सम्वद्ध सबैको प्रतिवद्धता र वलिदान आवश्यक रहेको कुरा औल्याएका छन् ।

गुरुङ (२०६०), समाजको संकिर्ण दायरामा महिलाहरु भन्ने लेख रचनामा विश्व २१ औ शताब्दीमा पुगि सक्दा पनि नेपाली समाजको दायरा फराकिएन भन्दै लेखकले कुनै पनि पुरुषसँगको निकटता र आत्मिय सम्बन्धको वास्तिविकता नबुझि अनावश्यक रुपमा हुने टिकाटिप्पणी र चियोचर्चाले गर्दा कुनै पनि नारीले आफूलाई निधक्क रुपमा प्रस्तुत गर्न सक्दैनन । महिलाप्रतिको समाजको कसिलो बन्धन र पुरुष प्रथा समाजमा महिलाहरुलाई पत्नी र आमाको रुपमा बाहेक अन्य भूमिकामा देख्न नचाहने मानसिकता एवं दासी तथा दोस्रो दर्जा दिने संकिण सोच एवं मनोवृतिले गर्दा महिलाहरुले कहिल्यै आफूलाई पूर्ण रुपमा

स्वतन्त्र भएको अनुभूती गर्न सक्दैनन भन्दै त्यसको मूल जरो भनेकै नारी शिक्षाको आवश्यकतालाई औंल्याएको छ ।

महिलालाई समाजको संकिण दायराबाट माथि उठाई समाजको सोचाइमा परिवर्तन ल्याउन नारी शिषा अपरिहार्य छ भन्दै नारीलाई पनि पुरुष सरह शिक्षा दिएमा उनीहरु पनि आत्मनिर्भर हुन सक्छन् र समाजमा नारी र पुरुषको दुवैको अस्तित्व बराबरी भएमा एक रथका दुइ पाङग्रा भने झै घरपरिवार, समाज एवं राष्ट्रकै विश्वमा मद्दत पुग्ने कुराको उल्लेख गरिएको छ ।

सिंह (२०६१), छोरीलाई सम्पत्ति कि शिक्षा ? भन्ने लेखमा छोरीलाई छोरा सरह सम्पत्ति दिइनुपर्ने कानुनको विरोध गर्दै लेखिकाले यस्तो अवस्थाले छोरीलाई नै झन कमजोर पार्ने कुराको व्याख्या गरेकी छिन् । माइतीबाट सम्पत्ति लग्दैमा सम्पूर्ण समस्या समाधान हुँदैन बरु यसले त छोरीलाई झनै संकटमा पार्छ किनकी छोरा सरह सम्पत्ति लगेकी छोरीले माइतमा के नाकले मुख देखाउने दाजु भाउजु, बुवा, आमा भन्दै कसरी माइतमा आउने घरमा लोग्ने वा सासु, ससुराले कुनै केहि निहुँमा अपमान गरे भने आफ्नो दु:ख कहाँ गएर पोख्ने ? भन्दै सबैभन्दा पहिले छोरीलाई शिक्षा दिनुपर्दछ । हाम्रो देशमा शिक्षाको कमि छ । जहाँ शिक्षाको कमि हुन्छ त्यहाँ न्याय एवं कानुनको कुरामा पनि कमजोर र फितलो हुने कुरा उल्लेख छ । त्यसैले देशमा अहिले सबभन्दा पहिले महिलाका लागि ल्याउनु पर्ने कुनै कानुन छ भने त्यो हो "अनिवार्य महिला शिक्षा" । शिक्षाको अभावमा सम्पत्ति सम्बन्धि कानुन भैंसीको घाँडो जस्तै हुन्छ भन्दै सबैभन्दा पहिले छोरीहरुलाई शिक्षित भई आत्मनिर्भर बनाउनु पर्ने कुरामा जोड दिएकी छिन् ।

उपाध्याय (२०६६), दैलेख जिल्लामा माध्यमिक विद्यालय तहको शिक्षामा छात्रा सहभागिता एक अध्ययन शोधपत्रमा प्रा.वि. तहदेखि लिएर माध्यमिक तहसम्म प्रत्येक वर्ष छात्राहरुको विद्यालय भर्नादर बढ्दो क्रममा छन् । शिक्षामा महिलाहरुको सहभागिता न्यून हुने विभिन्न कारणहरुमध्ये जनचेतनाको कमि, आर्थिक कमजोरी, विरामी पर्नु, घर धन्दामा संलग्न हुनु नै भन्ने देखियो । समस्याहरुमा लैङ्गिक चेतनाको अभाव, आर्थिक समस्इा, राष्ट्रिय नीति, व्यवसायमूलक शिक्षाको कमि र विद्यमान राष्ट्रिय सामाजिक सुरक्षा मूल रुपमा देखियो । समस्या समाधानका उपाय प्लेटोले भनेझैं आदर्श राज्य एवं समाज निर्माणको लागि

महिलालाई पनि शिक्षा, रोजगार, राजनिति आदि क्षेत्रमा समानरुपले सहभागी गराउन लैङ्गिक सचेतना अपनाउनु पर्दछ भन्ने कुरा उल्लेख गरिएको छ ।

सुवेदी (२०६८), लैङ्गिक अवधार भन्ने लेख रचनामा लेखकका अनुसार कुनै पनि समाज महिला मात्र अथवा पुरुष मात्रले बन्न सक्दैन जुन सबैलाई थाहा भएकै कुरा हो । समाजलाई समृद्ध बनाउन महिला पुरुष दुवैको भूमिका बराबर र महत्वपूर्ण हुन्छ । महिला वा पुरुष पछाडि परेमा समाज सम्पन्न र समृद्ध बन्न सक्दैन । पुरुष भएकै कारण समाजमा उ सम्मानित र महिला भएकै कारण दोस्रो दर्जामा रहने स्थिति बारे माथि उठाउन जरुरी छ । महिलालाई विश्वासको रुपमा नै दासको रुपमा पतिको मृत्यु हुँदा जिउदै सती जानु पर्ने महिला प्रतिको अन्यायको पराकाष्ठामा पुगेको हुँदा लिङ्गका आधारमा कुने किसिमको भेदभाव नरहोस भनि उठेका आवाजबाट नै लिङ्गका आधारमा भेदभाव नगरिने विषयमा लविङ्ग हुन शुरु भएको हो । दासत्ता विषयका महासन्धि सन १९५२ मा महिलाहरुको राजनैतिक अधिकार महासन्धि १९५३, दासत्ता दासव्यापार तथा त्यस्तौ अन्य व्यवहार निमूल गर्न सम्बन्धित अन्तराष्ट्रिय १९५६, महिला उपर सम्पूर्ण भेदभाव निर्मूल गर्ने सम्बन्धित अन्तराष्ट्रिय महसन्धि १९७९ लगाएतका महासन्धिहरुलाई विभिन्न राष्ट्रहरुले अनुमोदन गरेका छन् । त्यस्ता विभिन्न विभेदहरुलाई हटाइ समान दृष्टिकोणबाट अगाडि बढ्न लैङ्गिक समानता, समता लैङ्गिक मूल प्रवाहिकरणका अभियानहरुमा आज विश्वको नै महिला अधिकर्मीहरु अगाडि बढि विभिन्न कार्यक्रमहरु मार्फत सचेतना महिला सशक्तिकरण कार्यक्रमहरु अगाडि आएका छन् भनि आफ्नो लेखमा उल्लेख गरेका छन् । माथि उल्लेखित लेखले यस अध्ययनलाई सहयोग पुऱ्याउने भएकाले उल्लेख गरिएको छ ।

अधिकारी (२०६८), लैङ्गिक समानताका लागि भएका प्रयासहरु भन्ने शीर्षकमा मानव अधिकार सम्बन्धि विश्वव्यापी घोषणा पत्र एवं नागरिक र राजनैतिक अधिकार सम्बन्धी अनुसन्धानले लैङ्गिक भिननतालाई आधारभुत मावन अधिकारका रुमा स्थापित गरेका छन् । सन् १९७९ मा संयुक्त राष्ट्र संघको महासभाद्वारा पारित महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव निर्मूल गर्ने सम्बन्धी महासन्धि, लैङ्गिक समानता स्थापना गर्ने, उद्देश्यद्वारा निर्देशित छ । नेपालमा पनि उक्त महासन्धि पालना गर्नका लागि संविधान ऐन कानुनमा आवश्यक व्यवस्था गरिएको छ । नेपाल अधिराज्यको संविधान २०४७ ले महिला, वालक, वृद्ध, वृद्धा आदिलाई कानुनद्वारा विशेष संरक्षण गर्न सकिने व्यवस्था गरेको थियो भने नेपालको

अन्तरिम संविधान २०६३ को धारा १३ मा समानताको हकको व्यवस्था राज्यले धर्म, लिङ्ग, वर्ण, जातिका आधारमा भेदभाव गर्न नपाइने तर महिला, दलित, आदिवासी आदिलाई कानुनद्वारा विशेष व्यवस्थ ागर्न सकिने व्यवस्था गरेको छ । उक्त मौलिक हकमा महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव गरिने छैन भनि उल्लेख छ । उक्त हकमा प्रत्येक महिलालाई प्रजनन व्यवस्था तथा प्रजनन सम्बन्धि हक हुने, कुनै पनि महिला विरुद्ध शारीरिक र मानसिक वा अन्य किसिमको हिंसाजन्य कार्य गर्न नपाइने र पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान हक हुने व्यवस्था गरिएको छ । उपयुक्त शीर्षकले अध्ययन अनुसन्धान क्षेत्रसँग सम्बन्धित हुनुका साथै अध्ययन क्षेत्रलाई सहयोग पुऱ्याउने भएकाले यसमा उल्लेख गरिएको छ ।

आचार्य (२०६०), का अनुसार प्राथमिक विद्यालयहरुमा छात्राहरुले तह पूरा नगरी बीचैमा पढाइ छाडनाका कारण अध्ययनमा विकासोन्मुख देश भएका कारण महिला प्रतिको अन्धविश्वासमा समाजमा रहेको कुरा उल्लेख गरिएको छ । छोराप्रतिको माया ममता आदि कारणहरु रहेका छन् । यो समस्या समाधान गर्न छात्राहरुको लागि विशेष कार्यक्रम छात्रवृत्ति, पोषाक, पाठ्य सामग्री, निःशूल्क उपलब्ध गराउन, राम्रो अंक ल्याउने छात्रालाई पुरस्कारको व्यवस्था गर्नु, छोरीलाई विद्यालय पढाउनु पर्दछ भन्ने चेतनाको विकास गर्नु, घरायसी कारणबाट विद्यालयमा आउन नसको छात्राहरुको लागि अतिरिक्त कक्षाको व्यवस्था गर्नु पर्ने कुराहरु समेत उल्लेख गरिएको छ । साथै शिक्षाको महत्त्वबारे अभिभावकमा चेतना जगाउनु, विद्यालयको भौतिक सुविधामा सुधार गर्नु, शिक्षक शिक्षिकामा भएका कमीकमजोरी हटाउने जस्ता प्रयास गर्ने, विद्यलायमा महिला शिक्षिकाको अनिवार्य व्यवस्था गर्नुपर्ने र छोरीलाई अनिवार्य शिक्षा कार्यक्रम लागू गर्नुपर्ने सुझावबाट महिला तथा छात्राको समस्या समाधान हुने देखिन्छ भन्ने कुरा उल्लेख गरिएको छ ।

नेपाल (२०६८), का अनुसार राष्ट्र नियोग सन् २०१० मा लैङ्गिक समानता र महिला शसक्तिकरणको लागि संयुक्त राष्ट्र संयोग महिला सम्बन्धी राष्ट्रसंघीय नियोग २०११ जनवरी १देखि नेपालमा स्थापना भएको छ । विश्वव्यापी रुपमा महिला तथा बालबालिकाका आवश्यकताहरुलाई पूरा गर्ने कामलाई तीब्रता दिने उघेश्यले महिला सम्बन्धी राष्ट्रसंघीय नियोग यु.एन. ओमेन नेपालमा स्थापना भएको छ । यो संस्था स्थापना भए पछि यसबाट अन्तरसरकारी निकायहरुको नीति, अन्तर्राष्ट्रिय मापदण्ड मूल्य निर्धारणमा मद्धत पुग्न जाने

कुरा उल्लेख गरिएको छ । सदस्य राष्ट्रलाई उनीहरुको अनुरोधमा उपयुक्त मापदण्ड कार्यान्वयन गर्नका लागि यो प्राविधिक तथा आर्थिक सहयोग पुग्ने र नागरिक समाजसँगको साझेदारीलाई अगाडी बढाउने महत्त्वपूर्ण भूमिका रहेको छ । यसरी नेपालमा यसको स्थापनाको उद्देश्य लैङ्गिक असमानता र बालबालिकाको अधिकार सुनिश्चित गर्नका लागि रहेको छ । नेपालमा बालबालिकाको भेदभाव लैङ्गिक भेदभाव, जातीय भेदभाव बढी रहेकोल यसले सो कुराको अन्त्य गर्ने विश्वास लिएको छ ।

रञ्जित (२०६७), ले सर्वोतम नारी असोज अंक १ मा हरेक व्यक्ति महिला र पुरुष अंश मिलेर बनेको हुन्छ । सबैमा अर्धनारीश्वर स्वरुप हुन्छ । कुनै महिलामा बढी क्षमता हुन्छ भने कतीपय पुरुष कमजोर पनि हुन्छन् । पृत्तिसतात्मक समाजले महिलालाई कमजोर र तथा पुरुषलाई बलवान भनेर हुर्काएकाले हामी त्यही भ्रममा बाँचेका छौं । मानव जातीमा कडा र नरम दुबै स्वभाव हुन्छन् । महिलाको नम्र तथा सहनशील एवम् कोमल स्वभावलाई कमजोर मानिन्छ । सहजै नयाँ कुरालाई लिने शारीर तथा मानसिक रुपमा एउटै समस्यामा धेरै काम गर्न सक्ने, शरीरलाई फैलाउन सक्ने जस्ता क्षमता नारीका महत्त्वपूर्ण तथा बालिया शक्ति सामाजिक बनावट तथा वातावरणका कारण हाम्रो समाजमा कमैले मात्र प्रस्फुटन गर्न अवसर पाएका छन् । हाम्रो देशमा पुरुषलाई ज्ञानको दायरा बढाउने अवसर बढी प्राप्त भएकाले पुरुष अगाडी र महिलालाई नै अध्यारोमा राख्ने कुरा उक्त लेखमा उल्लेख गरिएको छ ।

आचार्य (२०६५), शोधकर्ताले आफ्नो शोधपत्रमा सुर्खेत जिल्लाको लाटीकोइली स्रोतकेन्द्र अन्तर्गत सार्वजनिक प्राथमिक विद्यालयहरुमा अध्ययन गर्ने छात्राले प्राथमिक विद्यालयमा प्राथमिक शिक्षा पूरा नगरी बीचैमा विद्यालय छाड्नुका कारण एक अध्ययन अन्तर्गत समस्या पहिचान गरी निराकरण गर्ने प्रयास गरिएको छ । नेपाल सरकारले शिक्षा नीतिमा परिवर्तन ल्याएको छ । नि:शूल्क प्राथमिक शिक्षा, महिला शिक्षा, नि:शूल्क पाठ्यपुस्तक वितरण, विभिन्न छात्रवृत्तिहरु, बालविकासकेन्द्र सञ्चालन गर्ने तथा शैक्षिक समाग्रीको निर्माण र त्यसको प्रयोगमा जोड दिएको छ । तापनि प्राथमिक शिक्षा पूरा नगरी बीचैमा छाडनेको संख्यामा दिनानु दिन वृद्धि भइरहेको छ । शोधकर्ता अनुसार शिक्षाको नियम नीति आदिले विभिन्न सुविधा र लगानी गरिएता पनि प्रभावकारी रुपमा व्यवहारीक रुपमा प्रयोग हुन सकेको छैन भन्ने तर्फ प्रस्तुत गर्नु अभिभावक वुद्धिजीवि सबैले आ-आफ्नो क्षेत्रबाट

सकारात्मक तथा योगदान पुऱ्याउन सके देशमा शिक्षाको विकास तथा विस्तार छिटो र प्रभावकारी ढङ्गले हुन सक्ने कुरामा दुई मत नहोला भनी उल्लेख गरिएको छ ।

बस्नेत (२०६४), सुर्खेत जिल्लाका प्रा.वि.मा महिला शिक्षकको सहभागिताले शिक्षणमा पारेको प्रभाव एक अध्ययन भन्ने शोधपत्रमा शोधकर्ताले आफ्नो शोधपत्रमा सुर्खेत जिल्लामा ३६ प्रा.वि. छन् जसमा ९४० शिक्षक कार्यरत छन् । यि मध्ये २१.४६ प्रतिशत महिला शिक्षक रहेका छन् । उनको शोधपत्रअनुसार सुर्खेतका १४ वटा स्रोतकेन्द्र मध्ये लाटीकोइली र वीरेन्द्रनगर स्रोतकेन्द्रमा ४९ वटा प्रा.वि.मा जम्मा १५३ जना शिक्षक मध्ययें ७३ जना महिला शिक्षक रहेका छन् । यसरी पुरुष्ष शिक्षक भन्दा महिला शिक्षकको संख्या कमी भएको तथ्याङ्क उक्त शोधपत्रमा उल्लेख गरिएको छ । पुरुष भन्दा महिला शिक्षक कम हुनु महिलामा प्रकृतिकरुपले आउने समस्या जस्तै बच्चा जन्माउनु र दुकाउर्नु त्यस्तै महिलालाई समाजको हेर्ने दृष्टिकोण र महिलाले आफै कमजोर महशुस गर्नु, यि समस्यालाई समाधानका लागि महिलालाई मनोवल बढाउने खालका तालिमको व्यवस्था गर्नुपर्ने, सामाजिक दृष्टिकोणमा परिवर्तन आउनुपर्ने, जसले गर्दा महिला शिक्षकको संख्यात्मक गुणात्मक वृद्धि हुन जान्छ ।

लामीछाने (२०६५), संरक्षणवादी सोच भित्र विभेद भन्ने लेख रचनामा उनले आफ्नो उक्त: लेखमा नारीहरुको शक्तिको वर्णन गरेकी छिन् । नारीलाई लक्ष्मि सरास्वती, दुर्गा आदि शक्तिको स्रोतको रुपमा सम्मानीत संरक्षण प्रदान गरीनु पर्दछ । प्राकृतिक रुपमा सन्तान उत्पादन संरक्षण र संवेदनको कार्यक्षेत्र नारीको नैसर्गिक हक हो भन्दैमा घरभित्र मात्र सिमित राख्नु प्रगाति विहिन समाजको धोतक हुनजान्छ । पुरुषको लागि नारीको जीवन उत्सर्जित भइरहँदा सृष्टि विद्यानको विपरित क्रियाकलाप समाजमा भइरहन्छ र विभिन्न सामाजिक विसंगतिको वृजारोपण हुन्छ । सृष्टिमा पहिले नारी र पछी आवश्कयता अनुसार पुरुषको सृजना भएको पाइन्छ । यसले के पुष्टि गर्छ भने पुरुषको लागि नारी नभएर नारीको लागि पुरुष हो र नारी, पुरुष दुबै तत्वले नारी भित्रको सामान्य शक्तिलाई संरक्षण गरेर समाज कल्याणमा त्यो अन्तरनिहित शक्तिलाई सदुपयोगको रुपमा परिणत गरेको छ । संरक्षण भित्र उच्च र दरो इच्छा शक्तिको लागि उत्प्ररित हुने हो भने यो युगमा पनि नारीले समाज हिनका लागि शक्तिसाशी र प्रगतिमूलक कार्यहरु गरेर नयाँ युगको सृजना गर्न सक्छन् ।

वली (२०६६), दुर्गम क्षेत्रका महिला र शहरी क्षेत्रका महिलाको बीचमा तुलनानै गर्न नहुने कुरा लेखिएकाले महिला महिला भेद भन्ने लेखमा प्रस्टयाएकि छिन । दुर्गम क्षेत्रका महिलामा शैक्षिक प्रतिशतको अन्तर झण्डै ३० प्रतिशत फरक छ र उनका अनुसार अहिले उठेको महिला समावेशीकरण आफ्नैमा राम्रो हो तर दुर्गम र सुगमका महिलालाई एकै प्रकारको समावेशी चाँही हुन सक्दैन । यसको लागि शहर बसेर राजनीति गर्ने महिलाहरुले तथा महिला सहकर्मीहरुले दुर्गम र सुगमका महिलाहरुलाई भिन्न भिन्न समावेशीक कार्यक्रम ल्याउनु पर्दछ जसले गर्दा दुर्गम क्षेत्रका महिलाहरुलाई आधरभूत आधिकारबारे समेत जानकारी हुन सकोस् ।

नेपाल (२०६५), मुखमा महिला मुक्ति, पेटमा पुरुषबाद शीर्षकको लेखमा उल्लेख अनुसार नारीलाई शक्तिको प्रतिभाको रुपमा दुर्गाकाली भनेर मख्ख बनायो तर त्यसबाट नारीहरु कमजोर भएको तर्फ नारीको ध्यान जान सकेन भनि उल्लेख गरेका छन् । नारीलाई विद्याकी देवी लक्ष्मीको रुपमा भन्दै गमक्क पारीयो तर तिनैलाई शिक्षाको अधिकारबाट पारवा पारियो यति मात्र नभई पैतृक सम्पति माथिको अधिकारबाट समेत बञ्चित बनाइयो । यसरी कतिपय नारीहरु अहिले सम्म पनि श्रीमानको दिर्घायुको लागि व्रत बस्छन् भने श्रीमानले श्रीमतीको श्रीमतीको दिर्घायुको लागि ब्रत बस्नु पर्ने आवाज खोइ त ? त्यसैले अब हाम्रा चेलीहरुले सोच्नै पर्छ । सरस्वती बन्नेकी कालो अक्षर भैसी बराबर ? लक्ष्मी बन्नेकी पतिको खुट्टामा उभिने ? देवी बनेकी दासी ? दुर्गा बन्ने की दिनहिन ? विजयी बन्ने की पराजीत ? यसरी लेखले सर्पमा विष र छोरीमा इख जाग्नु पर्ने कुराहरु उल्लेख गरेका छन् । यसरी महिलाहरु अघि बढनलाई महिलाले नै संघर्ष गर्नुपर्दछ अनी मात्र सफल भइन्छ भन्ने भनाई व्यक्त गरिएको छ ।

शाही (२०६४), सुर्खेत जिल्लाको प्रा.वि.मा “महिला शिक्षिकाको सहभागिता” एक अध्ययन भन्ने शोधपत्रमा सुर्खेत जिल्लामा जम्म शिक्षक संख्या २२७५ छन् । त्यसैगरी पुरुष साक्षरता ७२.९ प्रतिशत र महिला साक्षरता ५८.२ प्रतिशत रहेको पाइन्छ । सुर्खेत जिल्लामा ५० गा.वि.स. र १ नागरपालिका छन् । जसमा ३५६ नि.मा.वि. ४८ र मा.वि. ५१ वटा छन् । यसैगरी प्रा.वि. शिक्षक संख्या १२४६ र शिक्षिका संख्या ३८१, नि.मा.वि. मा ४०८ शिक्षक र १६ शिक्षिका तथा मा.वि.मा २१६ शिक्षक र १२ शिक्षिका रहेका छन् । यसबाट के प्रष्ट हुन्छ

भने विद्यालय तहमा प्राथमिक विद्यालयको तुलनातमा नि.मा.वि. र मा.वि.मा महिला शिक्षिकाको सहभागिता न्यून भएको पाइन्छ ।

सापकोटा (२०६२), सुर्खेत जिल्लाको "महिलाको शैक्षिक अवस्था" एक अध्ययनमा सुर्खेत जिल्लामा पुरुषको भन्दा महिलाको साक्षरता न्यून देखिन्छ । यहाँको साक्षरता प्रतिशत ६२.५ प्रतिशत छ भने महिला साक्षरता ५१ प्रतिशत रहेको छ । १७.७८ प्रतिशत शिक्षिकाहरु शिक्षण पेशामा संलग्न रहेौ कुरा उल्लेख गरेको पाइन्छ । महिलालाई राष्ट्र निर्माणको मूलधारमा सहभागी गर्नका लागि महिलाको शैक्षिक अवस्था सुधार गर्ने, छात्रालाई निःशूल्क पढ्ने व्यवस्था गर्ने र महिला शिक्षकमा सुधार ल्याउने, सरकारी नीति नियम तर्जुमा गर्नुपर्ने सुझावहरु प्रतुत गरिएको छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

प्रस्तुत अध्ययनमा अध्ययनकर्ताले प्राप्त तथ्य र तथ्याङ्कको संकलनलाई आफूसँग रहेको सैद्धान्तिक ज्ञान र विभिन्न चिन्तकहरुको सैद्धान्तिक अवधारणाको समायोजन गरी प्रस्तुत गर्ने प्रयास गरिएको छ । प्रस्तुत अध्ययन महिला शिक्षकको उपस्थितिले छात्रा सहभागितामा परेको प्रभाव सम्बन्धी भएकाले त्यसैसंग सम्बन्धी साहित्य तथा लेखको रचना गर्नु सान्दर्भिक देखिएकाले यस अध्ययनसंग सम्बन्धित अवधारणाहरु यस प्रकार रहेको पाइन्छ ।

मानव सम्बन्ध सिद्धान्तमा मेरी पर्कर फोलेटले उत्पादन बढाउन व्यक्तिहरुको भावना र चाहना बुझेर कामदार र प्रशासकको बिचको मानबीय सम्बन्ध विकास गर्नुपर्छ भनेकी छिन् । मानवीय नाताको स्थापना गरी मनोवैज्ञानिक रुपले विभिन्न मनमुटाव, झगडा समाप्त पार्नुपर्दछ । उनले प्रजातान्त्रिक सहभागितामूलक सिद्धान्तलाई जोड दिइन । सामुहिक भावनाबाट नै अत्यधिक सफलता हाँसिल हुने उनको तर्क छ । संगठनका स्थापना र उद्देश्यले नै कार्य गर्ने भावना निर्भर गर्दछ । उनको सिद्धान्तलाई प्रभावकारी बनाउन उद्देश्यलाई स्पष्ट पारेर निती नियमको निर्माण र परिमार्जन गर्नुपर्ने हुन्छ साथै अख्तियारवाला स्पष्ट रुपले तोक्नु पर्ने हुन्छ । उत्तरदायित्व कसले बहन गर्नुपर्ने हो स्पष्ट हुनुपर्दछ । संचार कार्य दोहोरो हुनुपर्दछ । प्रशासन संयन्त्र चुस्त र दुरुस्त बनाउनका लागि निरीक्षण तथा सुपरिवेक्षण कार्य व्यवस्थित हुनु पर्दछ । यो सिद्धान्त बमोजिमको शैली,

स्वभाव र विशेषता अनुरुप मानव समाज सिर्जना गर्दै महिला शिक्षक र छात्रा सहभागिता विद्यालयमा बढी भन्दा बढी हुनुपर्दछ ।

## २.३. शैक्षिक उपादेयता

विद्यालयमा महिला शिक्षकको उपस्थितिको छात्रा सहभागितामा परेको प्रभाव शीर्षकमा गरिने अनुसन्धानले महिला शिक्षकलाई विद्यालय शिक्षण कार्यमा समान अवसर छात्रा सहभागिता बढाउन अपनाउने रणनीतिहरुको योजना बनाउन र महिलासँग सम्बन्धित अन्य अनुसन्धान गर्न इच्छुक अनुसन्धान कर्तालाई अध्ययन अनुसन्धानको लागि सहयोग गर्ने छ । त्यसैले यस अध्ययनबाट प्राप्त निष्कर्षले महिलासँग प्रत्यक्ष चारण राख्ने शिक्षक, विद्यार्थी, विद्यालय, समाज विषय विशेषज्ञ, शिक्षावीद, सरकारी तथा गैरसरकारी संस्थाहरु साथै शैक्षिक संस्थाहरुलाई नीति नियम कार्यान्वयन निर्णय गर्नका लागि समेत सहयोग पुर्‍याउने छ । यसरी विद्यालयमा गरिएको अध्ययनले उनीहरुको समस्या पहिचान गरी महिलाहरुको सामाजिक र शैक्षिक उत्थान गर्न सकिने विभिन्न आधार तयार गर्नुका साथै विद्यालय तहमा छात्रा सहभागिता वृद्धि गरी पुरुष सरह समान प्रतिनिधित्व गराउन सफल तुल्याउनु नै यसको शैक्षिक उपादेयता हो । यस उल्लेखित सिद्धान्त लेख, रचना र पूर्वसाहित्यले अनुसन्धानलाई अगाडी बढाउन मद्धत गरेका छन् ।

# परिच्छेद तीन : अनुसन्धान विधि

## ३.१ अनुसन्धानात्मक ढाँचा

प्रस्तुत शोधपत्र सम्पन्न गर्नका लागि सम्बन्धित नमुना छनौटमा परेका विद्यालयमा गई प्रत्यक्ष रुपमा तथ्याङ्क संकलन गरी तालिकीकरण, व्याख्या, विश्लेषण गरिएको छ । यसका लागि प्राथमिक र द्वितीय तथ्याङ्कको आधारमा यस अध्ययनालाई पूर्णता दिनका लागि मिश्रित ढाँचा प्रयोग गरिएको छ । अनुसन्धानको कार्य अगाडि बढाउँदा सम्बन्धित क्षेत्रमा गई महिला शिक्षक उपस्थि र छात्रा सहभागिताको अवस्थालाई प्रत्यक्ष अवलोकन गरिएको छ । आवश्यक पर्ने विवरण प्राप्तं गर्नका लागि प्रश्नावली निर्माण गरी प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, विद्यार्थी, अभिभावक संघ र स्रोतव्यक्तिसँग अन्तरवार्ता लिएर विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## ३.२ नमुना छनौटका आधारहरु

अनुसन्धान विषय आफै जटिल कार्य हो । शिक्षा क्षेत्रमा यो विषय धेरै गहिराइमा हुने भएकाले प्रयोगात्मक रुपमा परीक्षण गर्न कठिन हुने गर्दछ । प्रस्तुत शोधपत्रमा पनि निश्चित विद्यालयलाई नमुना छनौटमा राखिएको छ । नमुना छनौट गर्दा विभिन्न सैद्धान्तिक पक्षलाई आधार मानिने छ । शुद्ध तथा वैधानिक तथ्याङ्क प्राप्त गर्न एकदमै बढी प्रयास गरिएको छ । अनुसन्धानका लागि चिट्ठा विधिबाट प्राथमिक विद्यालय मात्र छनौट गरिएको छ । उक्त छनौटमा परेका विद्यालयबाट लिएको तथ्याङ्क समान तथ्याङ्क मानी एकरुपता कायम गरिएको छ । यसका लागि विद्यालयको अभिलेख तथ्याङ्क विवरण, छलफल, अन्तरक्रिया, प्रश्नावली र आवश्यक अरु सामग्रीहरुको प्रयोगलाई समेत आधार मानेर अनुसन्धान गरिएको छ । विद्यालयको अवस्था समान भएकाले १२ वटा प्राथमिक विद्यालयलाई छनौट गरिएको छ । यसमा विद्यालयको क्षेत्र, अवस्था, विद्यार्थी, शिक्षक र अभिभावक संयुक्त पक्षलाई समेट्ने प्रयास गरिएको छ ।

कालिकोट जिल्लाका ६ वटा स्रोतकेन्द्रमध्ये कोटवाडा स्रोतकेन्द्रका ४० वटा विद्यालय मध्ये १२ वटा प्राथमिक विद्यालयहरुलाई नमुनाको रुपमा छनौट गरी अध्ययन गरिएको छ । नमुना छनौटमा राखिएको विद्यालयका प्रधानाध्यापक, स्रोतव्यक्ति, विद्यार्थी, शिक्षक, विद्यालय

निरीक्षक, जिल्ला शिक्षा अधिकारी, शिक्षक अभिभावक संघ र विद्यालय व्यवस्थापन समितिलाई चिठ्ठा विधिबाट छनौट गरी अध्ययनको क्षेत्रभित्र समेटिएको छ। जसलाई निम्न तालिकामा उल्लेख गरिएको छ।

तालिका १ : नमुना छनौट

| क्र.स. | विवरण | जम्मा संख्या | छनौट संख्या | छनौट प्रतिशत |
|---|---|---|---|---|
| १ | प्राथमिक विद्यालय | ४० | १२ | ३० |
| २ | प्रधानाध्यापक | ४० | १२ | ३० |
| ३ | विद्यालय व्यवस्थापन समिति | ४० | १२ | ३० |
| ४ | शिक्षक/शिक्षिका | २९९ | २४ | १० |
| ५ | छात्रा/छात्र | १९९५ | १२० | ८ |
| ५ | शि.अ.संघ | ४० | १२ | ३० |
| ६ | स्रोत व्यक्ति | १ | १ | १०० |
| ७ | विद्यालय निरीक्षक | २ | २ | १०० |
| ८ | जिल्ला शिक्षा अधिकारी | १ | १ | १०० |

स्थलगत अध्ययन, २०७०

## ३.४. तथ्याङ्क संकलनको स्रोतहरु

प्रस्तुत शोधपत्र पूरा गर्नका लागि विभिन्न किसिमका तथ्याङ्कको आवश्यक पर्ने भएकोले उपलब्ध स्थानीय स्रोत सामग्री र साधनलाई प्रयोगमा ल्याउनका लागि प्राथमिक तथा द्वितीइ तथ्याङ्कका स्रोतहरुलाई प्रयोग गरी अनुसन्धानलाई सहज, सरल र वस्तुपरक बनाउने प्रयास गरिएको छ। तथ्याङ्क संकलनका मुख्य स्रोत निम्नानुसार रहेका छन् :

### ३.४.१ प्राथमिक स्रोत

तथ्याङ्क संकलन गर्न अध्ययनकर्ता स्वयम स्थलगत अध्ययनका लागि विद्यार्थी, अभिभावक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र शिक्षकहरुसँग भेट गरिएको छ। छात्रा सहभागिताको सम्बन्धमा आइ परेका समस्या र समाधानका पक्षमा उत्तर आउने किसिमका प्रश्नहरु तयार गरी सरोकारवाला सबैसँग सोधिएको छ। छात्रा सहभागिता विद्यालय कक्षामा भए नभएको अवलोकन गरिएको छ।

### ३.४.२ द्वितीय तथ्याङ्क

प्राथमिक तथ्याङ्कको कुनैपनि अध्ययनको प्रमुख आधार द्वितीय तथ्याङ्क हो । यस अध्ययनको लागि द्वितीय तथ्याङ्क प्राप्त गर्न अध्ययन कर्ता स्वयम स्थलगतरुपमा भ्रमण गरी प्रधानाध्यापकको अनुमतीमा आवश्यक तथ्याङ्क विद्यालको अभिलेखक वा जि.शि.का. बाट प्राप्त गरिएको छ ।

## ३.५. तथ्याङ्क संकलनका साधनहरु

अध्ययन र अनुसन्धानलाई वास्तविक, तथ्यपूरक बनाउन तथ्याङ्क महत्वपूर्ण पक्ष हो । जसको अभावमा अध्ययन र अनुसन्धानलाई पूर्वता दिन सकिदैन । प्रस्तुत शोत्रपत्र तयार गर्नका लागि पनि प्राथमिक साधनको रुपमा विभिन्न किसिमका फारमहरुको प्रयोग गरी विभिन्न व्यक्तिहरुसँगको विचार बुझ्ने प्रयास गरिएको छ भने द्वितीय साधनको रुपमा विद्यालय अभिलेख फारमहरु तथ्याङ्क तथा त्यस सम्बन्धी रेकर्डहरुलाई प्रयोग गरिएको छ ।

### ३.५.१ प्रश्नावली

प्रश्नावलीको माध्यमबाट तथ्याङ्क संकलन गर्दा प्रष्ट विचार बुझ्न सजिलो हुने हुँदा यस अनुसन्धानमा पनि फरक व्यक्तित्वको लागि फरक खाले प्रश्न सोधेर तथ्य विचार बुझिएका छ । स्रोतव्यक्ति शिक्षक, अभिभावक, विद्यालय जाने, विद्यालय नजाने छात्रा तथा महिलाहरुका लागि प्रश्नावली निर्माण गरी शोधकर्ताले प्रत्यक्ष रुपमा विचार लिइएको छ । जसलाई अनुसूचीमा उल्लेख गरिएको छ (अनुसुची, १-६) ।

### ३.५.२ अवलोकन फारम

शोधकर्ता अध्ययनका लागि नमुना छनौट गरिएका विद्यालयमा पुगी कक्षाकोठामा छात्रा सहभागिता विद्यायमा महिला शिक्षकको उपस्थिति कक्षाकोठामा छात्रा-छात्र बसाई व्यवस्थापन विद्यालयको पिउने पानी र खाजा खाने ठाउँको अवलोकन गरेर त्यहाँ हुने लिङ्गीय भेदभावको चित्रण गरिएको छ । सर्वाजनिक विद्यालयमा लिङ्गीय व्यवहार र त्यहाँ समाजमा स्त्री र पुरुष बीचको असमान व्यवहारहरु विभिन्न असमानता आदि पक्षलाई समेत प्रत्यक्ष अवलोकन गरी वास्ताविकता बुझिएको छ ।

### ३.५.३ समुह छलफल

अध्ययन गर्न छनौट भएका सम्बन्धित विद्यालयमा गएर त्यहाँ महिला पुरुष बीचको भेदभाव, छात्रा तथा छात्र सम्बन्धित असमानता, छोराछोरी बीचको भेदभाव सम्बन्धी विषयमा र विद्यालयमा छात्रा सहभागिता, महिला शिक्षकका उपस्थितिको बारेमा सम्बन्धित शिक्षक,

विद्यार्थी, प्रधानाध्यापक तथा सरोकारवालाहरुसँग विभिन्न प्रकारका अन्तरक्रिया तथा छलफल गरिएको छ ।

### ३.५.४ अन्तरवार्ता प्रश्नावली

शिक्षक, अभिभावक, प्रधानाध्यापक, विद्यार्थी तथा जिल्ला शिक्षा कार्यालयका प्रतिनिधिसँग शोधर्ताले भेटगरी अन्तरवार्ता समेत लिइएको छ । विविध प्रश्नहरु तथा प्रतिप्रश्न गरेर विद्यालयमा रहेको महिला शिक्षक र छात्रा सहभागिताको अवस्था सम्बन्धी आन्तरिक धारणालाई बुझ्ने प्रयास गरिएको छ (अनुसुची, १-६) ।

### ३.६. तथ्याङ्क संकलन प्रक्रिया

अनुसन्धान कार्यलाई तथ्यपूर्ण रुपबाट प्रमाणित गरी वास्तविक बनाउन शोधकर्ता आफैले अध्ययन क्षेत्रमा स्थलगत अध्ययन गरी तथ्याङ्क संकलन गरिएको छ । तथ्याङ्क संकलन गर्दा सम्बन्धित क्षेत्रमा शोधकर्ता आफैले अवलोकन गरी सरोकारवालासँग छलफल, बहस, अन्तरक्रिया गर्दै तथ्याङ्क संकलन गरिएको छ ।

## ३.७ तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण प्रक्रिया

शोधपत्र तयार पार्ने शिलशिलामा प्राप्त भएका तथ्याङ्कहरुलाई अलग-अलग तालिका अनुसार विश्लेषण गरेर यसलाई तालिका अनुसार नै प्रस्तुत गर्नेगरी अन्य आवश्यक तथ्याङ्कशास्त्रीय विधिको समेत प्रयोग गरिएको छ । यसका साथै विभिन्न सिद्धान्तहरु तथा साहित्यहरु र अन्य कृतिहरुलाई आधार मानि तुलनात्मकह रुपमा विश्लेषण गर्ने प्रयास गरिएको छ । यसले शोधकार्यलाई यर्थात परक र सहज बनाई उद्देश्य पूरागर्नमा सहयोग पुऱ्याउने हुँदा सैद्धान्तिक कुराको आधारमा तथ्याङ्कको विश्लेषण प्रस्तुतीकरण गरिएको छ । तथ्याङ्कहरुलाई तिनीहरुको प्रवृत्ति अनुसार विभिन्न माध्यमबाट विश्लेषण गर्ने प्रयास गरिएको छ । विश्लेषण प्रस्तुतीकार्य वास्तवमा जटिलकार्य भएकाले वास्ताविक ढङ्गबाट सही तथ्याङ्क पत्ता लगाई अनुसन्धानको गहिराइमा पुगेर विश्लेषण गर्ने प्रयास गरिएको छ ।

# परिच्छेद चार : नतिजाको विश्लेषण र प्रस्तुतीकरण

## ४.१ प्राथमिक विद्यालयमा महिला शिक्षक र छात्रा सहभागिताको अवस्था

प्रस्तुत अध्ययन क्षेत्रका विद्यालयहरुमा महिला शिक्षक र छात्रा सहभागिताको स्थितिलाई अध्ययन गर्दा विद्यालय तहमा महिला शिक्षक र छात्रा सहभागिताको स्थिति राम्रो छैन । प्रत्येक विद्यालयमा पुरुष शिक्षकको तुलनामा महिला शिक्षक कमि र छात्रहरुको तुलनामा छात्राहरुको संख्या कमै पाइयो । विद्यालय र समाजमा लिङ्गीय विभेदको स्थिति र जातीय विभेदको स्थिति छ । पुरुष शिक्षक भन्दा महिला शिक्षक र छात्रहरु भन्दा छात्राहरु माथि हेपाया प्रवृत्ति छ । दलित जातका छात्राहरु माथि छुवाछुतको भेदभाव छ । समाजमा पनि यो प्रक्रिया विद्यमान र व्याप्त छ । नयाँ राज्य र नयाँ समाजको निर्माण गर्नेक्रममा वर्तमान परिप्रेक्षमा समावेशी र सहभागितामूलक नीति नियम ऐन कानुन राज्यद्धारा पारीत गरी कार्यान्वयन गर्ने गराएको अवस्थामा यस अध्ययन क्षेत्रमा व्यावहारिक रुपमा कार्यान्वयन भएको छैन । परम्परागत रुपमा चल्दै आएका संस्कार र संस्कृति विद्यमान रुपमा खँदिएर रहेको छ । यसो हुनुका मूलकारणमा, जनचेतनाको अभाव, शिक्षाको कमी, पुरानो संस्कार हावी, पुराना व्यक्तिहरुले यथास्थितिमा रहनु, महिलाहरुको पछौटे पन ऐन नीति नियमको प्रचार प्रसारको कमी, नयाँ नीति नियमहरु कार्यान्वयन नगर्नु नै हुन ।

### ४.१.१ विद्यालयमा कार्यरत शिक्षकहरुको वर्तमान अवस्था

यस अध्ययन क्षेत्रमा नमुना छनौट गरिएका विद्यालयको प्रत्येक्ष अवलोकन गर्दा विद्यालयमा भौतिक व्यवस्थापन राम्रो छैन । विद्यालयमा फर्निचरको राम्रो व्यवस्था छैन, सौचालयहरु निर्माण भएका छन् तर प्रयोग गरिएका छैनन् । पानी खाने धारामा धारा निर्माण गरिएका छन् पानी छैन । शैक्षिक पक्षलाई केलाउने हो भने विद्यालयमा शिक्षक दरबन्दी छन् । सबै शिक्षकहरु विद्यालयमा उपस्थिति छैनन् । पुरुष शिक्षक भन्दा महिला नै विद्यालयमा नियमित उपस्थित देखिन्छन् । पुरुष शिक्षक विद्यालयमा उपस्थिति भए पनि नियमित कक्षामा शिक्षण गर्दैन् । यी माथिका विद्यालय प्रतिका कमजोरीलाई समयमै सुधार गर्नुपर्ने आवश्यक देखिन्छ ।

अध्ययन क्षेत्रमा नमुना छनौट गरिएका विद्यालयहरुमा कार्यरत शिक्षकहरुको वर्तमान अवस्थालाई अध्ययन गर्दा प्राथमिक विद्यालयमा निम्न बमोजिम शिक्षक र शिक्षिका कार्यरत रहेको पाइयो ।

तालिका २ : छनौट गरिएका प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरु

| क.स. | विद्यालयको नाम | महिला शिक्षक | | पुरुष शिक्षक | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | श्री नन्दादेवी प्रा.वि. कोटवाडा | १ | १८.३ | ५ | ८३.६६ |
| २ | श्री जनकल्याण प्रा.वि. पनेरीखेत | - | - | ४ | १०० |
| ३ | श्री रुपादेवी प्रा.वि. डाँडाखला | १ | ३२.१ | २ | ६६.२० |
| ४ | श्री चौथिकोट प्रा.वि. मज्यून | २ | ६६.६ | १ | ३३.३ |
| ५ | श्री नुवादेव प्रा.वि. सोतरगाउँ | २ | ५० | २ | ५० |
| ६ | श्री जनता प्रा.वि.मराता | १ | ३३.२ | २ | ६६.५ |
| ७ | श्री मंगलासैनी प्रा.वि. खिरचोका | - | - | ४ | १०० |
| ८ | श्री गुरुदेव प्रा.वि. गणेशपुर | १ | ३३.३ | २ | ६६.६ |
| ९ | श्री अम्बिका प्रा.वि.लुसा | १ | ३३.३ | २ | ६६.६ |
| १० | श्री शान्ति प्रा.वि.लामीडाँडा | - | - | ३ | १०० |
| ११ | श्री सरास्वती प्रा.वि. ओडगाउँ | १ | ३३.३ | २ | ६६.६ |
| १२ | नैनेलदेव प्रा.वि.धारी | - | - | ३ | १०० |
| जम्मा | | १० | २३.८० | ३२ | ७६.१९ |

जि.शि.का.कालीकोट, २०७०

माथिको तालिका अनुसार अध्ययन क्षेत्रका १२ वटा विद्यालहरुमध्ये चौथिकोट प्रा.वि. मज्यून र नुपवादेव प्रा.वि. सोतर गाँउमा महिला शिक्षक बढी छन् । कतिपय प्रा.वि.मा महिला शिक्षक संख्या नै छैनन् । जस्तै जनकल्याण प्रा.वि. पनेरीखेत र मंगलाशैनी प्रा.वि. खिरचौकमा साथै नैनेलदेव प्रा.वि. धारीमा महिला शिक्षक संख्या छैनन् । समग्रमा भन्नु पर्दा राष्ट्रिय नीति अनुसार सबै प्रा.वि. विद्यालयमा १ जना महिला शिक्षक अनिवार्य हुनुपर्नेमा नमूना छनौट भएका विद्यालयको अध्ययनबाट त्यो अवस्था देखिएन् । पुरुष महिला शिक्षक बीचमा ठूलो असमानता देखिएको छ । विद्यालयमा २३.५० प्रतिशत मात्र महिला शिक्षक र पुरुष शिक्षक ७६.१९ प्रतिशत देखिन्छन् । राष्ट्रिय नीति अनुसार सन् २०१५ सम्म महिला

शिक्षक संख्यामा वृद्धि गर्ने लक्ष्य छ तर त्यसको अनुपातमा महिला शिक्षक संख्या थोरै देखिएको छ । विद्यालयमा छात्रा सहभागिता बढाउनका लागि पनि उदाहरणीय रुपमा प्रस्तुत भने बढी भन्दा बढी महिला शिक्षकको नियुक्तिलाई प्राथमिकता दिनु पर्दछ भन्ने मान्यताका आधारमा महिला शिक्षकको सहभागिता बढाउन विद्यालय व्यवस्थापन समिति तथा जिल्ला शिक्षा कार्यालयले महिला शिक्षक भर्नामा नारामा मात्र सिमित नरहेर कार्यान्वयन तर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

दशौं योजना (२०५९-२०६४) यस योजनामा शिक्षा क्षेत्रमा भएका उपलब्धि विद्यमान चुनौति समेतलाई ध्यानमा राखी साक्षरता, साक्षरोतर र आयमूलक जीवन उपयोगी अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गरी महिलाको जीवन स्तर उकास्न मद्धत पुऱ्याउने उद्देश्यहरुको कटिान गरेको छ । यस योजनामा राष्ट्रि जनगणना २०५८ अनुसार शिक्षक ६४ प्रतिशत छन् भने शिक्षिका २६ प्रतिशत मात्र छन् । महिला शिक्षकको सुधार गर्नको लागि सम्बन्धित क्षेत्रमा नीतिगत र कार्यगत समन्वय बढाई लैङ्गिक अन्तर कम गर्ने र प्राथमिक तहको भर्नादर ९० प्रतिशत छ । शिक्षिकाको वर्तमान अवस्थालाई ध्यानमा राखी सबैतहमा ५० प्रतिशत पुऱ्याउने लक्ष्य छ ।

**४.१.२. प्रधानाध्यापकमा महिला शिक्षकको सहभागिता**

समान प्रतिनिधित्को नीति ऐन नियम प्राथमिकीकरणको नीतिगत कार्य संरचना जारी हुँदा-हुँदै पनि यस अध्ययन क्षेत्रका लागि छनौट भएका प्राथमिक विद्यालयमा प्रशासनिक नेतृत्वको जिम्मेवारमा महिला शिक्षकको सहभागिता छैन । विद्यालय शिक्षकमा पनि पुरुषको तुलनामा महिला शिक्षकको संख्या कम नै छ । प्राथमिक विद्यालयमा महिला शिक्षकको सहभागिता मज्वुत छैन भने नि.मा.वि. र मा.वि. तहमा शुन्य नै रहेको छ । यस्तो हुनुमा महिला शिक्षकले नेतृत्वमा सहमत नगर्नु, शिक्षामा पनि पछौटेपन, महिला प्राथमिकता नदिनु, घरसयी धन्दामा व्यस्त हुनु आदि समस्या नै हुन ।

तालिका ३ : प्रधानाध्यापकमा महिला शिक्षक

| विवरण | जम्मा | महिला | प्रतिशत | पुरुष | प्रतिशत |
|---|---|---|---|---|---|
| प्रधानाध्यापक | १२ | ० | ०.०० | १२ | १०० |
| अन्य शिक्षक | २० | १० | २३.८० | २० | ७६.१९ |
| जम्मा | ३२ | १० | २३.८० | ३२ | १०० |

स्थलगत अध्ययन, २०७०

उपरोक्त तालिकाबाट के पुष्टि हुन्छ भने नमुना छनौटमा परेका प्रा.वि. मा प्रशासनमा महिलाको सहभागिता शुन्य देखिन्छ । माथिको तालिकालाई विश्लेषण गर्दा विद्यालय शिक्षकमा महिला प्रधानाध्यापक मात्रै छैन् । अध्ययन क्षेत्रमा महिला शिक्षक हुँदा पनि प्रधानाध्यापकको जिम्मा नभएको देखियो । उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले उल्लेख गरे अनुसार शिक्षण संस्थाका निकायहरुमा महिलाको पहुँच बढाउनु पर्छ । उनीहरुलाई प्रधानाध्यापकको जिम्मा जिल्ला शिक्षा अधिकारी निर्देशक आदि पदमा योग्यता अनुसार नियुक्ति गरिनु पर्दछ भने पनि यस क्षेत्रका विद्यालयहरुमा यसको कार्यान्वयन भएको पाइएन ।

नेपाल अधिराज्यको संविधान २०४७ को उपधारा ११४ भाग १७ मा प्रतिनिधि सभाको लागि हुने निवार्चनमा हरेक राजनैतिक दलमा उम्मेदवारहरु मध्यबाट कम्तिमा पाँच प्रतिशत महिला उम्मेदवार हुनको लागि व्यवस्था गरेको पाइन्छ । कानुनको दृष्टिकोणबाट समान हुने र महिला वर्गको आर्थिक सामाजिक र राजनैतिक विकासको लागि विशेष व्यवस्था गरिनु पर्ने प्रावधान राखिएको पाइन्छ । त्यस्तै गरी नेपालको अन्तरिक संविधान २०६३ को भाग १ धारा १३ को उपधारा २ र ३ मा समानताको हकको बारेमा उल्लेख गरिएको छ । धाराा १८ उपधारा २ मा सुरक्ष्गाको हक धारा २० मा महिलाको हक, २१ मा सामाजिक न्यायको हक, भाग ४ धाराा ३३ (६) मा महिलाको समस्यालाई संवोधन गर्न राज्यको केन्द्रित र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी लोकतान्त्रिक अग्रगामी पुर्नः संरचना गर्ने राज्यको दायित्व हुने कुरा उल्लेख गरिएको छ । धारा ३४ को उपधारा ४ मा आर्थिक स्रोत र साधनलाई महिलाहरुको पहुँचमा पुऱ्याउने, धारा ३५ को उपधारा ८ मा महिला वर्गको शिक्षा स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा अधिक्तम सहभागिता बनाउने नीति राज्यले अवलम्बन गर्ने व्यवस्था गरिएको पाइन्छ । यसैगरी धारा ३५ कै उपधारा १४ र १७ मा पनि महिलाहरुको बारेमा उल्लेख गरिएको छ । भाग ७ धारा ६३ को उपधारा ४ मा एक तिहाइ महिला हरेक राजनैतिक दहले संविधान सभामा पठाउनु पर्ने छ भन्ने व्यवस्था गरिएको छ ।

**४.१.३. विद्यालयका विद्यार्थीहरुको सहभागिताको अवस्था**

शैक्षिक सत्र २०६८, २०६९ र २०७० को विद्यालयको भर्ना रेकर्डलाई अध्ययन गर्दा नमुना छनौट गरिएका प्राथमिक विद्यालयमा छात्रछात्राहरुको विद्यालय सेवा क्षेत्र भित्रबाट

विद्यालयमा भर्ना हुन आउने गरेका छन् । विद्यालयमा भर्ना हुन आएका छात्र-छात्राहरुलाई तलको तालिकाबाट देखाइन्छ ।

तालिका ४ : विद्यार्थी सहभागिताको अवस्था

| साल | शिक्षक | शिक्षिका | छात्र | प्रतिशत | छात्रा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| २०६८ | ३२ | १० | ७५३ | ५८.७ | ५९५ | ४४.२ |
| २०६९ | ३३ | १० | ७५० | ५१.८ | ६९५ | ४८.९१ |
| २०७० | ३२ | १० | ७२६ | ४९.९ | ७२७ | ५०.१ |

स्थलगत अध्ययन, २०७०

उपयुक्त तालिकाबाट के स्पष्ट हुन्छ भने प्रत्येक वर्ष विद्यार्थीहरुको भर्नादरमा वृद्धि भएको छ । शिक्षक र शिक्षिकाको संख्यामा वृद्धि भइरहेको छैन । विद्यालयमा वर्षैपिच्छे छात्रा सहभागितामा पनि वृद्धि भइरहेको छ । अध्ययन क्षेत्रमा शिक्षा प्रति समाजमा जागरुक आएको र छोराछोरीमा समानता बुझ्न चेतनाको विकास हुँदै गएको तथ्य प्रत्येक वर्ष विद्यालयमा छात्रा सहभागिता वृद्धि हुँदै गइरहेको तथ्यले पनि प्रमाणित गर्दछ । विद्यालयमा महिला शिक्षकको उपस्थितिले छात्रा सहभागितामा प्रति वर्ष भर्ना संख्यामा वृद्धि भएको देखिन्छ ।

मैनाली (२००४) नेपालमा अधिकांश महिलाको आम्दानी नाप्न सकिने खालको छैन । श्रम बजारको एक तिहाई मात्र महिला श्रम छ । एउटै किसिमको श्रम गर्दा पनि महिलाले पुरुष भन्दा कम ज्याला पाउछन् । कृषि क्षेत्रमा एउटै काममा महिलाको ज्याला पुरुषको भन्दा १२ प्रतिशत कम भएको एउटा अध्ययनले देखाएको छ । मानव विकास र सुचाङ्क हेर्‍यो भने महिला पुरुष बीचको भेद स्पष्ट देख्न सकिन्छ । बितेको वर्षहरुमा नेपालको मातृमृत्युदर घटाउने महिलाको औषत आयू साक्षरतादर जस्ता काममा ठूलो सफलता हाँसिल गरेको छ तर पनि महिला र पुरुष बीचको ठूलो खाडल अझै विद्यमान छ । पुरुषको औषत आयु ५५.८ प्रतिशत छ भने महिलाको ५४.९ प्रतिशत मात्र छ । पाँच वर्ष मुनिका केटाको मृत्युदर १२५ छ भने केटीको १३९ छ । यसैगरी ६ वर्ष भन्दा माथिका पुरुषको साक्षरता दर

५२.५ प्रतिशत छ भने महिलाको त्यसको आढी भन्दा कम २२.५ मात्र छ भनि बताइएको छ ।

सन् २०००मा प्राथमिक तहको जम्मा भर्नामा बालीकाहरु ४५.७ प्रतिशत रहेका छन् । नि.मा.वि. तहमा बालिकाहरुको प्रतिशत अझै कमै रहेको छ । प्राथमिक तहमा शिक्षिाको प्रतिशत न्यून रहेको छ भने मा.वि. तहमा त झनै एकदम न्यून देखिन्छ । शिक्षामा लैङ्गिक समानता बढाउन सरकारले निम्नानुसार नीतिगत व्यवस्था गरेको छ । प्राथमिक विद्यालयमा कम्तिमा १ जना महिला शिक्षिकाको व्यवस्था गर्ने । विद्यालय व्यवस्थापन समितिमा १ जना महिला सदस्य रहनु पर्ने । सन् २०१५ सम्मा पुरुष साक्षरताको अनुपातमा महिलाको साक्षरता ९० प्रतिशत पुऱ्याउने । सन् २००९ सम्मा प्रत्येक प्रा.वि. तहमा २ जना महिला शिक्षकको व्यवस्था गर्ने र नि.मा.वि. र मा.वि. तहमा पनि महिला शिक्षकको अनुपात बढाउने (सबैका लागि शिक्षा २०६३) ।

यू.एन. संयुक्त राष्ट्रसंघ (१९४५ अक्टोबर २४), सन् १९४५ मा अक्टोबर २४ मा स्थापना भएको संयुक्त राष्ट्र संघले मानवतावादी समस्याको समाधान गर्ने उद्देश्यले महिला अधिकारलाई सामाजिक न्याय भित्र राख्यो । महिला अधिकारका बारेमा पारित गरेका प्रस्तावलाई विश्वभरी कार्यान्वयन गराउनको लागि संयुक्त राष्ट्र संघीय महिला विकास कोष स्थापना गऱ्यो । जसको मुख्य उद्देश्य विकासोन्मुख राष्ट्रमा महिलाको आर्थिक तथा राजनैतिक शसक्तिकरण प्रावधान गर्ने गरेको छ । महिलासँग सम्बन्धित निम्न लिखित ३ वटा महत्त्वपूर्ण कार्यक्रम यस कोषको कार्य केन्द्रिय रहेको छ । आयोजको प्रतिवेदनले महिला शिक्षाको बारेमा व्यवस्थापक र उत्पादकत्वको रुपमा महिलाहरुको आर्थिक क्षमतालाई सवल तुल्याउन, महिलाहरुको जीवन स्वरुप निर्धारण गर्ने खालका निर्णय, निर्णय प्रक्रियामा महिलाको सहभागिता बढाउने खालको समलैङ्गिक शासक र नेतृत्वको वकालत गर्ने महिला विरुद्धका सबै प्रकारका हिंसाहरुको उन्मुलन गर्नको लागि महिलाहरुको मानव अधिकार पर्वधन गर्ने ।

प्रस्तुत अध्ययन क्षेत्रका विद्यालयका शिक्षकहरुको वर्तमान अवस्थालाई अध्ययन गर्दा विद्यालयमा तहगत, विषयगत रुपमा शिक्षक आपूर्ति हुन सकिरहेको अवस्था छैन । संख्यात्मक रुपमा विद्यालय स्थापना भएपनि कक्षागत विद्यार्थी संख्यामा वृद्धि भएको देखिदैन । शिक्षकहरु कर्तव्यनिष्ठ भएर शिक्षक पेशामा कटिबद्ध नभएर घरायसी काममा बढी

सक्रिय देखिन्छन् । सरोकारवाला सबैको विद्यालय प्रति त्यति ध्यानकेन्द्रित भएको देखिदैन । विद्यालयमा महिला दरबन्दी अनिवार्य भएपनि सबै विद्यालयमा महिला शिक्षकको व्यवस्था देखिदैन । महिला शिक्षक भएको विद्यालयमा अनुशासन आचारसंहिताको राम्रो पालना गरेको देखिन्छ । विद्यालय कक्षाहरुमा छात्राछात्रहरुको उपस्थिति बढ्दो क्रममा देखिन्छ । विद्यालयमा प्रशासनमा महिलाको नेतृत्व देखिएन । सबै विद्यालयमा पुरुष शिक्षकले नै प्रधानाध्यापकको जिम्मेवारी बहन गरेको देखिन्छ ।

## ४.२.महिला शिक्षकको उपस्थितिले छात्रा सहभागितामा पारेको प्रभाव

शिक्षाले व्यक्ति, समाज, राष्ट्रको सर्वाङ्गीण पक्षको विकास गराउँछ । जुन राष्ट्र शिक्षामा पछि छ त्यसको सर्वाङ्गिण विकासको गति पनि पछाडी हुन्छ । शिक्षाको दृष्टिकोणमा कोही काखा र पाखा हुन सक्दैन । समान प्रतिनित्रित्वको आधारमा शिक्षा प्रवाह हुनु पर्दछ । नेपालको सन्दर्भमा शिक्षा आर्जन गर्ने जीवन गंगालाई निहाले र हेऱ्यौ भने बीचमा विकराल वितन्डाहरुले समान शिक्षा प्राप्तिबाट खण्डित गरेको पृष्ठभूमि जस्ताको त्यस्तै छ । नेपालको समाजमा समान शिक्षा आर्जन गर्ने अवसरहरु विभिन्न बाधकहरुले भेदभावपूर्ण धरातलमा ल्याएको इतिहास साँची छ । पृत्तिसतात्मक नेपालको सामाजिक शैलीले परम्परागत समय देखि जरो गाडेर महिलालाई विगतको शैक्षिक इतिहासबाट पछाडि धकेल्दै आएको पाइन्छ । संसार चरम विज्ञान र प्रविधिको विकासको अन्तिम चरणमा आइपुग्दा नेपालमा भर्खरै शिक्षामा महिला समेतलाई समान पहुँच पुगाउन सम्पूर्ण दातृराष्ट्रहरु, नेपाल सरकार सरकी तथा गैरसरकारी संस्थाहरुका लागि परेका छन् । सबैको एउटै लक्ष्य छ महिलाहरुलाई शिक्षामा सहभागी गरी समुन्नत सभ्य समाजको निर्माण गर्ने सुन्दर सपनाहरु छन् ।

यसै शिलशिलामा महिलामा शिक्षा विकासका लागि राष्ट्रि नीति नियम ऐन नियम कानुन बनेर कार्यान्वयन भइरहेका छन् । महिलाहरुमा शिक्षाको विको गतिलाई मापन गर्न यस शोधपत्रले महत्त्वपूर्ण भूमिका खेलेको छ । नेपालका विद्यालयहरुमा केही समय अगावै छात्राहरुको उपस्थिति अत्यधिक न्यून हुन्थ्यो । त्यो क्रम विस्तारै विस्तारै क्रमश : दिन प्रतिदिन वृद्धि हुँदै गएको छ । प्रत्येक विद्यालयमा अनिवार्य प्रा.वि. तहमा हुँदै मा.वि., उ.मा.वि. र अन्य शिक्षण संघसंस्थाहरुमा महिला कर्मचारीको नियुक्तिको कारणको प्रभावले हाल प्रा.वि. तहमा अनिवार्य महिला दरबन्दि कायम गर्दा महिला शिक्षकको उपस्थिति हुँदा विद्यालयमा छात्राहरुको संख्या दिन प्रतिदिन वृद्धि हुँदै गएको छ । छात्र समान छात्राहरु पनि विद्यालयमा सहभागी भएका छन । यसो हुनुमा विभिन्न कारणहरु छन् । सो को मापन

गर्नका लागि यस शोधपत्रमा अध्ययन गर्न छनोट गरिएका प्रा.वि. विद्यालयको गतिविधिबाट पनि थाहा हुन्छ । नमुना छनोट गरिएका विद्यालयमा छात्रा सहभागिताको राम्रो प्रभाव परेको देखियो । जुन विभिन्न तालिका अध्ययनबाट देखाउँछ ।

### ४.२.१ छात्रा सहभागितामा वृद्धि

प्रस्तुत अध्ययन क्षेत्रको विद्यालयको स्थलगत अध्ययन गर्दा महिला शिक्षक भएको विद्यालय छात्रा सहभागितामा वृद्धि भएको देखिन्छ भने महिला शिक्षक नभएको विद्यालयमा छात्रा सहभागिताको अवस्था सन्तोषजनक छैन । यसो हुनुको कारण छात्राहरुप्रति प्रेरणाको अभाव, विद्यालयको छात्राप्रतिको दृष्टिकोण सकारात्मक नहुनु, छात्रहरुप्रति सहानुभूति नरहनु जस्ता तत्वहरुले बाधा सिर्जना गरेको देखिन्छ । त्यसैले विद्यालयमा छात्रा सहभागितामा वृद्धि गरी शिक्षामा पहुँच पुऱ्याउन प्रत्येक विद्यालयमा महिला शिक्षकको अनिवार्य उपस्थिति आवश्यक छ ।

तालिका ५ : छात्रा सहभागितामा वृद्धि

| क.सं. | विद्यालयको नाम | शिक्षिक | शिक्षक | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | श्री नन्दा देवी प्रा.वि. कोटवाडा | १ | ५ | ८५ | ८२ | १६७ |
| २ | श्री जनकल्याण प्रा.वि. पनेरीखेत | | ४ | ४० | १५ | ५५ |
| ३ | श्री रुपादेवी प्रा.वि.डाडाँखला | १ | २ | २५ | २० | ४५ |
| ४ | श्री चौथिकोट प्रा.वि. मज्यून | २ | १ | ५० | ५५ | १०५ |
| ५ | श्री नुवादेव प्रा.वि. सोतरगाउँ | २ | २ | ११७ | १३५ | २५२ |
| ६ | श्री जनता प्रा.वि. भराता | १ | २ | ८४ | ८४ | १६८ |
| ७ | श्री मंगलासैनी प्रा.वि. खिरचौका | | ४ | ४५ | १६ | ६१ |
| ८ | श्री गुरुदेव प्रा.वि. गणेशपुर | १ | २ | १३६ | १२५ | २६१ |
| ९ | श्री अम्बिका प्रा.वि. लुसा | १ | २ | ५० | ५० | १०० |
| १० | श्री शान्त प्रा.वि. लामीडाँडा | | ३ | ३३ | १० | ४३ |
| ११ | श्री सरोश्वती प्रा.वि. ओडगाऊ | १ | २ | ४५ | ३५ | ८० |
| १२ | श्री नैनादेव प्रा.वि. धारी | | ३ | ५५ | १५ | ७० |
| जम्मा | | १० | ३२ | ८०२ | ५९५ | १४५५ |

स्थलगत अध्ययन, २०७०

उपर्युक्त तालिका अनुसार प्रा.वि. तहमा महिला शिक्षकको उपस्थिति छात्रा सहभागितामा पारेको प्रभावको झलक देखाएको छ । अध्ययनका लागि नमूना छनौट गरिएका १२ वटा विद्यालयको छात्रा सहभागिताको अवस्थालाई अध्ययन गर्दा जुन विद्यालयमा महिला शिक्षकको संख्या बढि छ त्यस विद्यालयमा छात्रा सहभागिता संख्या पनि बढि नै रहेको छ । जुन विद्यालयमा महिला शिक्षक नै छैनन् त्यस विद्यालयमा छात्रा सहभागिता संख्या पनि छात्रको तुलनामा एकदमै न्यून देखिन्छ । यसैगरी श्री चौथिकोट प्रा.वि. मा न्यूनमा महिला शिक्षकको संस्ख्या २ वटा हुँदा त्यहाँ छात्रा संख्या छात्र संख्या भन्दा पनि बढि छ । अथा छात्र संख्या २०६७ सालमा ५० मात्र छ भने छात्रा संख्या ५५ रहेको छ । त्यसैगरी श्री नुवादेव प्रा.वि. सोतरगाउँमा पनि २०६७ सालमा विद्यालयमा छात्र संख्या ११७ छ भने छात्रा संख्या १३५ रहेको छ । एक जना महिला शिक्षक भएको विद्यालयमा छात्र र छात्रा विचको सहभागितामा खासै धेरै अन्तर नभएपनि एकै जना महिला शिक्षक नभएको विद्यालयमा छात्र र छात्राहरुको विद्यालयमा सहभागिता अनुपात धेरै अन्तर चाँही देखियो । यस अध्ययनबाट के प्रष्ट हुन्छ भने महिला शिक्षक भएको विद्यालयमा छात्रा सहभागिता राम्री रहेको पाइयो अथवा महिला शिक्षकको राम्रो प्रभाव परेको पाइयो । यसर्थमा महिला शिक्षकको छात्राहरु माथिको सहानुभूती छोरीलाई पढाउनु पर्दछ भन्ने अभिभावक उत्प्रेरित, जनसचेतनामा विकास, महिला शिक्षकको आवर्षणता आदि विभिन्न कारणले छात्रा सहभागितामा राम्रो सुधार भएको पाइयो । त्यसैले महिला शिक्षकको संख्याको साथै विद्यालयमा छात्रा संख्या बढाउनका लागि बढि भन्दा बढि महिला शिक्षकको नियुक्तिलाई प्राथमिकता दिनुपर्ने देखिन्छ । यसरी जिल्ला भरी नै महिला शिक्षक बढाउन विद्यालय व्यवस्थापन समिति तथा जिल्ला शिक्षा कार्यालयले महिला शिक्षक भर्नालाई नारामा मात्र सिमित नरहेर कार्यान्वयन तर्फ पनि विशेष ध्यान दिनु पर्ने देखिन्छ ।

उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०५५) वि.सं. २०५३ को तथ्याङ्क अनुसार ६० प्रतिशत निरक्षर छन् । विद्यालय प्रवेश गर्ने विद्यार्थीमा ३९.९ प्रतिशत मात्र छन् । त्यसैगरी विद्यालय शिक्षाणमा महिलाको प्रतिशत १८.१ प्रतिशत रहेको जसमा प्रा.वि. २०.६ प्रतिशत, नि.मा.वि. १९.८ प्रतिशत र मा.वि. १०.३ प्रतिशत शिक्षकहरु रहेको तथ्याङ्क् देखाएको छ । कतिपय प्राथमिक विद्यालयमा अनिवार्य महिला शिक्षक भर्ना गरिरहेका छन् । यस आयोगको प्रतिवेदनले महिला शिक्षकको बारेमा दिएका सुझावहरु : पूर्व प्रा.वि. देखि मा.वि. तह सम्म अनिवार्य रुपले महिला शिक्षक राख्नु पर्ने उच्च शिक्षामा समेत महिला

शिक्षकलाई प्राथमिकता दिने सरकारको नीतिलाई प्रभावकारी रुपमा लागू गरिनु पर्दछ । महिला शिक्षकहरुलाई प्रधानाध्यापक, जिल्ला शिक्षा अधिकारी आदि पदमा योग्यता अनुसार राखिनु पर्ने । शिक्षण संस्थाहरुका विभागहरुमा महिलाहरुको पहुँच बढाउनु पर्छ । महिलालाई सरकारी तथा गैरसरकारी क्षेत्रका साथै शिक्षा क्षेत्रको जिम्मेवारी पूर्ण उच्च पदहरुमा नियुक्तिका लागि प्राथमिकता दिनु पर्दछ । महिला शिक्षकहरुलाई घरपायक हुने गरी नियुक्ति वा सरुवा गर्नुपर्ने । सञ्चार एवम् सरकारी सञ्चारका माध्यमहरुमा महिला शिक्षा एवम् शसक्तिकरण, गतिविधिसँग सम्बन्धित सामग्रीको व्यापक प्रभावकारी रुपमा प्रचार प्रसार गरिनु पर्दछ ।

### ४.२.२ कक्षा दोहोऱ्याउने अवस्था कमी

पस्तुत अध्ययन क्षेत्रका विद्यालयका छात्रछात्राहरुको कक्षा दोहोऱ्याउने अवस्थामा निकै कमी आएको देखिन्छ । परम्परावादी सोच र चिन्तनले क्रमशः आधुनिक समाजबाट बिदा लिदै छ । पहिलेको अवस्थामा विद्यालयमा भर्ना भएका विद्यार्थीहरुको संख्यामा अत्यधिक मात्रामा कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी रहेको धारणा पाइयो । विद्यालयहरु वर्तमान अवस्थामा सुधार उन्मुख रहेको देखिन्छ । कक्षा दोहोऱ्याउने दरलाई हेर्दा महिला शिक्षक भएको विद्यालयमा न्यून प्रतिशत रहेको पाइन्छ ।

तालिका ६ : कक्षा दोहोऱ्याउने अवस्थामा कमी

| क्र.सं. | विद्यालयको नाम | महिला शिक्षक | शिक्षक | दोहोऱ्याउने संख्या | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कक्षा १ | | कक्षा २ | | कक्षा ३ | | कक्षा ४ | | कक्षा ५ | |
| | | | | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| ०१ | नन्दा देवी प्रा.वि. कोटवाडा | १ | १ | ५ | ५ | ३ | २ | १ | ० | १ | १ | ० | ० |
| ०२ | जनकल्याण प्रा.वि. पनेरीखेत | - | ५ | १२ | १६ | ७ | ८ | १ | १ | ० | १ | १ | १ |
| ०३ | रुपादेवी प्रा.वि. डाडाँखला | २ | ४ | ४ | २ | १ | ० | १ | ० | ० | ० | १ | ० |
| ०४ | चौथिकोट प्रा.वि. मज्यून | २ | १ | ३ | १ | १ | ० | २ | २ | १ | ० | ० | ० |
| ०५ | नुवादेव प्रा.वि. सोतरगाउँ | १ | २ | ५ | ४ | २ | १ | १ | ० | ० | ० | ० | ० |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ०६ | जनता प्रा.वि. भराता | १ | २ | ४ | २ | १ | ० | १ | ० | ० | ० | ० | ० |
| ०७ | मंगलासैनी प्रा.वि. खिरचौका | १ | २ | ५ | २ | २ | १ | १ | ० | ० | ० | ० | ० |
| ०८ | श्री गुरुदेव प्रा.वि. गणेशपुर | १ | २ | ४ | २ | १ | १ | १ | ० | ० | ० | ० | ० |
| ०९ | अम्बिका प्रा.वि. लुसा | – | २ | ३ | ५ | २ | २ | १ | १ | १ | १ | १ | ० |
| १० | शान्त प्रा.वि. लामीडाँडा | – | ४ | २ | ४ | ३ | २ | २ | २ | १ | १ | ० | ० |
| ११ | सरोश्वती प्रा.वि. ओडगाऊ | १ | ३ | ४ | २ | २ | १ | १ | ० | ० | ० | ० | ० |
| १२ | श्री नैनादेव प्रा.वि. धारी | – | ३ | ५ | ५ | २ | २ | ० | १ | ० | ० | ० | ० |

स्थलगत अध्ययन २०७०

अध्ययन क्षेत्रको कक्षा दोहोऱ्याउने तालिकाबाट नै प्रष्ट हुन्छ कि एक वर्ष भित्रमा भर्ना भएका सम्पूर्ण विद्यार्थी संख्या निरन्तर कक्षा उत्तीर्ण नभएर कतिपय छात्रछात्राहरुले कक्षा दोहोऱ्याई रहेका छन् । पारिवारिक समस्या, डर त्रास, गरिबी, अज्ञानता, अचेतना तथा असमान व्यवहारले कक्षा दोहोऱ्याएको देखिन्छ । उल्लेखित तालिकामा महिला शिक्षक भएको विद्यालयको र महिला शिक्षक नभएको विद्यालयको तुलना गर्दा महिला शिक्षक नभएको विद्यालयमा छात्राहरुले बढी कक्षा दोहोऱ्याएको देखिन्छ भने छात्रहरुले कम कक्षा दोहोऱ्याएको देखिन्छ । महिला शिक्षक भएको विद्यालयमा छात्रछात्रालेनै कमै मात्रामा कक्षा दोहोऱ्याएको देखिन्छ । विद्यालयमा महिला शिक्षकको संख्यामा वृद्धि गरी विद्यालय सञ्चालन गर्दा समाजमा उल्लेखनीय उपलब्धि प्राप्त हुने देखिन्छ । महिला शिक्षकमा विद्यार्थीप्रति दया माया, सहानुभूति, भेदभावमुक्त कारणले नै तुलनात्मक रुपमा भिन्नता देखिन्छ ।

### ४.२.३ कक्षा छाड्ने अवस्था

प्रस्तुत अध्ययन क्षेत्रको विद्यालयको स्थलगत अध्ययन गर्दा शैक्षिक सत्र २०६९ को विद्यालयमा विद्यार्थीको संख्या उल्लेखनीय रुपमा उपस्थिति देखियो । सामाजिक चेतनाको विकास, भेदभावपूर्ण व्यवहारको निराकरण लगायत शिक्षामा भएका सुधारात्मक उपायहरु, विद्यालयमा विद्यार्थीहरुले सुविधाका कारण पनि विद्यालयमा कक्षा छाड्ने दरमा सुधार भएको

देखिन्छ । यसको तुलनात्मक अध्ययन गर्दा महिला शिक्षक भएको विद्यालयमा छात्रहरुले भन्दा छात्राहरुले कक्षा छाड्ने दरमा कमी आएको देखिन्छ ।

तालिका ७ : कक्षा छाड्ने अवस्थामा कमी

| क्र.सं. | विद्यालयको नाम | महिला शिक्षक | शिक्षक | कक्षा छाड्ने दर | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कक्षा १ | | कक्षा २ | | कक्षा ३ | | कक्षा ४ | | कक्षा ५ | |
| | | | | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| १ | श्री चौथिकोट प्रा.वि. मज्यून | २ | १ | २ | १ | १ | ० | १ | ० | ० | ० | ० | ० |
| २ | श्री नुवादेव प्रा.वि. सोतरगाउँ श्री जनकल्याण प्रा.वि. पनेरीखेत | २ | १ | १ | ० | ० | ० | ० | ० | १ | ० | ० | ० |
| ३ | नन्दादेवी प्रा.वि.कोटवाडा | १ | ५ | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | श्री मंगलासैनी प्रा.वि. खिरचौका | ० | ४ | २ | ३ | ० | ० | ० | १ | ० | ० | ० | ० |
| ५ | श्री जनकल्याण प्रा.वि. पनेरीखेत | ० | ४ | २ | ३ | ० | १ | ० | ० | ० | १ | ० | ० |
| ६ | श्री नैनादेव प्रा.वि. धारी | ० | ३ | १ | २ | ० | ० | ० | ० | ० | ० | ० | १ |

स्थलगत अध्ययन २०७०

उपरोक्त तालिका अनुसार विद्यार्थीहरुले कक्षा छाड्ने दर न्यून रहेको देखिन्छ । महिला शिक्षक भएको विद्यालयमा भन्दा पुरुष शिक्षक भएको विद्यालयमा कक्षा छाड्ने दर बढी देखिन्छ । महिला शिक्षक भएको विद्यालयमा छात्राको कक्षा छाड्ने कमी देखिन्छ साथै महिला शिक्षक भएको विद्यालयमा छात्राहरुको संख्यात्मक र गुणात्मक विकास भएको देखिन्छ ।

### ४.२.४ शैक्षिक उपलब्धि वृद्धि

अध्ययन क्षेत्रमा नमुना छनोट गरिएका विद्यालयको शैक्षिक उपलब्धि अध्ययन गर्दा सबै विद्यालयमा समान प्रकारको उपलब्धि प्राप्त भएन महिला शिक्षक भएको विद्यालयमा शैक्षिक उपलब्धि सन्तोषजनक देखिन्छ भने महिला शिक्षक नभएको विद्यालयमा शैक्षिक उपलब्धि सन्तोषजनक देखिएन ।

तालिका ८ : महिला शिक्षक भएका विद्यालयको शैक्षिक उपलब्धि

| क.सं. | विद्यालयको नाम | शिक्षिका | शिक्षक | कक्षागत शैक्षिक उपलब्धि | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ |
| १ | श्री नन्दा देवी प्रा.वि. कोटवाडा | १ | ५ | ४५ | ४८ | ४८ | ५० | ५२ |
| २ | श्री रुपा देवी प्रा.वि. डाडाखला | १ | २ | ४० | ४२ | ४४ | ४६ | ४८ |
| ३ | श्री चरैथिकोट प्रा.वि. मज्यून | २ | १ | ५० | ५४ | ५२ | ५६ | ५८ |
| ४ | श्री नुवादेव प्रा.वि. सोतरगाउँ | २ | २ | ५२ | ५५ | ५४ | ५८ | ६० |
| ५ | श्री जनता प्रा.वि. भराता | १ | २ | ३८ | ४१ | ४५ | ४६ | ४२ |
| ६ | श्री गुरुदेव प्रा.वि. गणेशपुर | १ | २ | ३६ | ४२ | ४३ | ४५ | ४६ |
| ७ | श्री अम्बिका प्रा.वि. लुसा | १ | २ | ३५ | ३५ | ४१ | ४२ | ४६ |
| ८ | श्री सरस्वती प्रा.वि. ओरगाउँ | १ | २ | ३६ | ३८ | ४० | ४३ | ४४ |

स्थलगत अध्ययन, २०७०

उपयुक्त तालिका अनुसार जुन अध्ययन गरिएका विद्यालयमा महिला शिक्षकको दरबन्दी बढि छ त्यो विद्यालयमा शैक्षिक उपलब्धि पनि बढि छ भने जुन विद्यालयमा महिला शिक्षकको दरवन्दी कम छ त्यो विद्यालयमा शैक्षिक उपलब्धि कम देखिन्छ । महिलाहरु आफ्नो पेसाप्रति इमान्दारी हुन्छन् अथवा महिला शिक्षकमा भएको छात्र छात्राप्रतिको सहानुभूति, माया, प्रेम, स्नेह, कार्यमा कतर्व्यनिष्ठ, लगनशिल, मेहनति हुनुले विद्यालयको वातावरण नै गतिशिल हुन्छ । वालवालिकाप्रति सहानुभूती पूर्ण व्यवहार देखाउने हुनाले विद्यार्थीहरु अध्ययनतर्फ आकर्षित हुन्छन् । विद्यालय पनि अनुशासित हुन्छ । छात्रको तुलनामा छात्राहरु बढि क्रियाशील हुन्छन् । छात्राहरुको पढाइमा निरन्तरता गुणस्तरीयताको विकास पनि भएको पाइयो । त्यसकारण विद्यालयमा महिला शिक्षकको संख्या वृद्धि गर्न सकेमा शैक्षिक उपलब्धि अझै वृद्धि हुने देखिन्छ ।

तालिका ९ : महिला शिक्षक नभएका विद्यालयको शैक्षिक उपलब्धि

| क्र.सं. | विद्यालयको नाम | शिक्षिका | शिक्षक | कक्षागत शैक्षिक उपलब्धि | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ |
| १ | श्री जनकल्याण प्रा.वि. पनेरीखेत | × | ४ | ३५ | ३७ | ३९ | ४० | ४४ |
| २ | श्री मंगलासैनी प्रा.वि. खिरपौका | × | ४ | ३६ | ३८ | ४० | ४२ | ४५ |
| ३ | श्री शान्ति प्रा.वि. लामीडाडा | × | ३ | ३३ | ३४ | ३५ | ३६ | ३८ |
| ४ | श्री नैनेलदेव प्रा.वि. धारी | × | ३ | ३३ | ३३ | ३४ | ४० | ४२ |

स्थलगत अध्ययन, २०७०

उपरोक्त तालिका अनुसार नमूना छनौट गरिएका महिला शिक्षक नभएका विद्यालयमा शैक्षिक उपलब्धि निराशाजनक छ । उत्साह जनक देखिदैन । छात्राको तुलनामा छात्राको अझै दयनीय अवस्था छ। यसबाट के बसझिन्छ भने पुरुष शिक्षक मात्रै भएको विद्यालयमा पापरपाही हुन्छ, उनीहरुले विद्यालय प्रति र पढाइप्रति त्यति चासो देखाउँदैनन् । बरु उल्टै कुलतमा लागेको पाइयो । विद्यालयमा नियमित उपस्थित नहुने, शिक्षणमा ध्यान नदिने, अनुशासन विहीन र नैतिक विहिन कार्यमा पनि संलग्न पाइयो । त्यसकारण विद्यालयमा शैक्षिक उपलब्धि न्यून रहेको छ। विद्यालयलाई ऐन नियम र नीतिगत रुपमा सञ्चालन गर्न महिला प्रशासक हुनु आवश्यक छ । विद्यालयसंग सम्बन्धी सबै सरोकारवालाहरुले समयमै उचित ध्यान दिएर विद्यालय बालबालिकाको उज्वल भविष्यका लागि लाग्नु आवश्यक छ । अध्ययन क्षेत्रका विद्यालयमा महिला शिक्षकको उपस्थितिले छात्रा सहभागितामा परेको प्रभावको विश्लेषण गर्दा महिला शिक्षक भएको विद्यालयमा छात्रा सहभागिता र छात्रा संख्यामा राम्रो उपस्थिति देखियो र विद्यालयमा छात्रा अनियमिततामा सुधार हुनुका साथै अभिभावकहरुको छोरीप्रतिको परम्परागत धारणामा परिवर्तन आएको देखिन्छ । महिला शिक्षक र छात्रा सहभागिताको बारेमा सरोकारवालाहरु सबैसंग प्रतिक्रिया लिदा महिला शिक्षकको विद्यालय र छात्रा छात्र प्रतिको सहनुभुतिपूर्ण व्यहार अनुसाशन, इमान्दारी र लगनशीलता माथि सकारात्मक धारणा नै प्राप्त भयो ।

### ४.२.५ अनुशासन

अनुशासन व्यक्ति, समाज, संस्थाको उन्नति प्रगति गर्ने महत्वपूर्ण पक्ष हो । अनुशासन

स्थलगत अध्ययन गर्दा महिला शिक्षक भएको विद्यालयको वातावरण स्वच्छ र सफा रहेको पाइयो । मानव समाजमा महिला र पुरुषलाई तुलना गर्दा इमान्दारी, लगनशीलता, अनुशासनको क्षेत्रमा महिलानै अग्रणि रहेको पाइन्छ । त्यस्तै विद्यालय स्तरमा पनि महिला शिक्षक भएको विद्यालय र नभएको विद्यालयको अनुशासनको अवस्थामा समानता छैन । महिला शिक्षक भएको विद्यालय छात्र छात्रा, शिक्षक, कर्मचारी सबैले आफूले पालना गर्नुपर्ने आचारसंहिताको पूर्ण पालना गरी विद्यालयको शैक्षिक, भौतिक र आर्थिक गुणले सम्पन्न भएको पाइयो भने पुरुष शिक्षक मात्र भएको विद्यालयमा अनुशासन हीनता, शिक्षक विद्यार्थी, कर्मचारी अनियमितता, अराजकता भएको अवस्था पाइयो । त्यसैले अध्ययन क्षेत्रका अधिकांश मानिसहरुले पूर्व प्राथमिक विद्यालय देखि उच्चमावि सम्म शिक्षण गर्नको लागि महिला शिक्षकनै हुनुपर्दछ । साथै रिक्त हुन आउने दरबन्दीमा महिला शिक्षकले नियुक्ति गर्दा उपयुक्त हुन्छ भन्ने विषयमा महिला शिक्षक प्रति राम्रो प्रभावकारी धारणा रहेको पाइयो ।
अध्ययन क्षेत्रका विद्यालयमा महिला शिक्षकको उपस्थितिले छात्रा सहभागितामा पारेको प्रभावको विश्लेषण गर्दा महिला शिक्षक भएको विद्यालयमा छात्रा सहभागिता र छात्र संख्यामा राम्रो उपस्थिति देखियो भने विद्यालयमा छात्रा अनियमिततामा सुधार हुनुका साथै अभिभावकहरुको छोरी प्रतिको परम्परागत धारणामा परिवर्तन आएको देखिन्छ । महिला शिक्षक र छात्रा सहभागिताको बारेमा सरोकारवालाहरु सबैसँग प्रतिक्रिया लिदा महिला शिक्षकको विद्यालय छात्रा छात्रप्रतिको सहानुभूतिपूर्ण व्यवेहार अनुशासन, इमान्दारी, लगनशीलता माथि सकारात्मक धारणा नै प्राप्त भयो । महिला शिक्षक भएको विद्यालयमा शैक्षिक उपलब्धि वृद्धि, छात्रा सहभागितामा वृद्धि, अनुशासनको पालना कक्षा छाड्ने र दोहोऱ्याउने दरमा कमी हुदै गएको देखिन्छ ।

अध्ययन क्षेत्रका विद्यालयहरुमा महिला शिक्षकहरुको अवस्थामा आवश्यकता अनुसार संख्यामा वृद्धि नभएको र सुधार सुविधा युक्त अवसर प्राप्त नभएको देखिन्छ । त्यसैगरी विद्यालय कक्षाहरुमा छात्र संख्यामा वृद्धि गर्न कक्षा दोहोऱ्याउने, कक्षा छाड्ने संख्या न्यूनीकरण गर्न सरोकारवालाहरुले प्रेरणादायिक भूमिका निर्वाह नगरेको देखिन्छ । पछिल्लो राजनैतिक परिवर्तनले समाजिक चेतनामा अभिवृद्धि भई भेदभाव पुर्ण व्याहारमा कमि आउदै महिला शिक्षक अवस्था र अवसरमा तथा छात्राहरुको कक्षा छोड्ने र दोहोऱ्याउने अवस्था सुधार उन्मुख देखिन्छ ।

## ४.३. प्राथमिक विद्यालयमा महिला शिक्षक र छात्रा सहभागिता सम्बन्धी समस्या

अध्ययन क्षेत्रमा त्यहाँको वास्ताविक वस्तु स्थिति बुझ्न शोधकर्ता स्वयम् गई अध्ययन अवलोकन गरी प्राप्त विभिन्न व्यक्तिहरुसँग गरिएको छलफलबाट प्राथमिक विद्यालयमा महिला शिक्षक र छात्रा सहभागिता केही मात्रामा देखिएतापनि चाहे अनुसारको सहभागिता देखिएन । महिला शिक्षक प्रशासनिक जिम्मेवारीमा देखिएन । यस अध्ययन क्षेत्रमा पुरुषको तुलनामा महिला कमि नै छ ।

### ४.३.१. लैङ्गिक सचेतनाको अभाव

नेपाली समाजको बनोट महिला र पुरुषको समग्र रुप हो । औषतमा समाजको निर्माण प्रक्रियामा संख्यात्मक दृष्टिले महिलाहरु पुरुषको तुलनामा बढी नै छन् तर पनि नेपालमा महिलाको स्थान ज्यादै कमजोर देखिन्छ । यहाँ शिक्षा, स्वास्थ्य, आर्थिक र राजनैतिक जस्ता सबै सामाजिक पक्षहरुमा लैङ्गिक असमानता विद्यमान छन् । अध्ययन क्षेत्रकै कुरा गर्दा पुरुष शिक्षकको तुलनामा महिला शिक्षक कम र छात्रहरुको तुलनामा छात्राहरुको संख्या कमी हुनु निराशजनक स्थिति देखिन्छन् । विद्यालयमा प्रधानाध्यापकमा महिलाको त कुरै भएन ।

लैङ्गिक समानताका लागि विभिन्न किसिमा नाराहरुको विकासको साथै नीति नियमहरु बनाएता पनि व्यावहारिक रुपमा त्यसको कार्यान्वयन हुन नसकेकाले पनि छात्राको सहभागिता न्यून रहेको छ । शिक्षणका क्रममा महिला शिक्षकलाई गरिने व्यवहार घरमा छोरा र छोरीलाई गरिने व्यवहारमा असामनता अध्ययन क्षेत्रमा अझै विद्यमान छ ।

आधारभूत तथा प्राथमिक शिक्षा पारियोजना अन्तर्गत २०४९ साल देखि महिला दलित तथा गरिव वर्गका बालबालिकाहरुलाई विद्यमान शिक्षामा समाहीत गराई उनीहरुको आर्थिक, सामाजिक र शैक्षिक स्तरलाई माथि उठाउन विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न क्रियाशिल हुँदै आएको छ । यसै तथ्यलाई दृष्टिगत गरी अब महिला र पुरुष दुबैलाई समानताको आधारमा समानता पुऱ्याउने दृष्टिकोणले कार्यरत रहन २०६१ साल देखि महिला शिक्षा शाखाको नाम परिवर्तन गरी लैङ्गिक सचेतना सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरी महिला र पुरुष बीच सचेतना उपलब्धि कार्यक्रहरु सञ्चालन गरी महिला र पुरुष बीच लैङ्गिक असमानता हटाई लैङ्गिक समानताको प्रत्याभूति दिएको भएतापनि अध्ययन क्षेत्रमा लैङ्गिक सचेतनाको अभाव रहेको देखिन्छ ।

४.३.२ आर्थिक समस्या

जुनसुकै कामगर्नु भन्दा अगाडी आर्थिक खाँचो पर्ने गर्दछ । यसै क्रममा अध्ययन क्षेत्रमा महिला शिक्षक र छात्रा सहभागितामा कमि ल्याउने अर्को समस्या आर्थिक समस्या हो । आर्थिक पक्ष कमजोर भएपछि सबै पक्ष कमजोर हुन जान्छ । आर्थिक समस्याले गर्दा अभिभावकले विद्यालयमा छोरीलाई भर्ना गर्न नसक्नु, घरमा सानै देखि छोरीलाई आय आर्जन गर्ने कार्यमा लगाउनु, घरायसी धन्दामा व्यस्त गराउनु, गाई, गोरु, भैँसी, बाख्रा चराउने तीर लगाउनु आदि कारणहरुले गर्दा अध्ययन क्षेत्रमा छात्रा सहभागिता कम भएको पाइयो ।

उपाध्याय (२०६१), ले दैलेख जिल्लाको प्रा.वि. तहको विद्यालय शिक्षामा छात्रा सहभागिता कम हुनु र शिक्षा आर्जन गर्नमा बञ्चित हुनुमा आर्थिक समस्या नै प्रमुख हो भने यस अध्ययन क्षेत्रमा छात्रा सहभागिता कमी हुनु आर्थिक समस्या पाइयो ।

**४.३.३ सामाजिक समस्या**

मानिस सामाजिक प्राणी हो । उसले समाजको विकाससँग आफ्नो बानीमा र व्यावहारमा पनि परिवर्तन गर्दै जाने गर्दछ ।जसको फलस्वरुप समाजको विकास हुने गर्दछ । समाजको विकासलाई अगाडी बढाउनको लागि महिला र पुरुषको दुबैको प्रमुख भूमिका रहन्छ त र अध्ययन क्षेमा विद्यलय महिला शिक्षक र छात्रा सहभागिता कम हुनुको कारण सामाजिक समस्या पनि एक हो । सामाजिक मूल्य र मान्यताले महिलालाई पुरुषको दाजोमा तल्लो वर्गमा राखेर सोही अनुसार व्यवहार गर्ने गरेकाले घरको काममा नियमित हुनु, छोरीलाई पढाउनु हुन्न भन्ने समाजमा परम्परागत सोच हुनु, महिला भएका कारण घर भन्दा टाढा गएर अध्ययन गर्न नसक्नु, समाजको महिला प्रतिको नराम्रो दृष्टिकोण, सानै उमेरमा विवाह हुँदा एस.एल.सी. सम्मको पढाई पनि पूरा नहुनु समाजले लैङ्गिक विभेद गर्नु जस्ता तमाम कारणले गर्दा छात्रा सहभागिता कम भएको पाइयो ।

संयुक्त संघीय महिला आयोगले महिला विरुद्धको हिंसालाई “सामाजिक लिङ्ग भेदको आधारमा गरिने सम्पूर्ण कार्यहरु जसबाट महिलालाई शारीरिक, यौनिक, मानसिक रुपमा आधात पुग्छ वा डर धम्कि प्रयोग गरी त्यस किसिमको आघात पुऱ्याउने काम गरिन्छ । बलपूर्वक महिलाको स्वतन्त्रता हनन गरिन्छ भने त्यो महिला विरुद्धको हिंसा हो” भने जस्तै

अध्ययन क्षेत्रमा सामाजिक लिङ्ग भेदको कारणले छात्रा सहभागितामा कमी पुऱ्याएको पाइयो ।

### ४.३.४ राजनैतिक समस्या

राजनीतिक मानिसको नैसर्गिक आधिकार हो । राजनीतिमा महिला पुरुष दुबैको समान हक अधिकार रहन्छ तर अध्ययन क्षेत्रमा यो परिस्थिति देखिएन । विद्यालय तहमा महिला शिक्षक र छात्रा सहभागिता कम हुनाको कारण राजनीतिक समस्या पनि एक हो । कुनै पनि राजनीतिक क्षेत्रमा पुरुषहरुको हालीमुहाली बढी देखिन्छ भने महिलाहरु राजनीतिक क्षेत्रमा अत्यधिक मात्रामा पछाडि परेको स्थिति छ । शक्ति र शासनको वाग्डोरका मालिक पुरुष नै भएकाले पुरुषलाई बढी बढावा दिने स्थितिले विद्यालय तहमा महिला शिक्षक र छात्रा सहभागिताको स्थिति राम्रो छैन । यसो हुनुमा महिलामा सचेतनाको कमी पुरुष प्रधान समाज, महिला नेतृत्वको अभाव, महिलाको पिछौडेपन, परम्परागत धारणा आदि समस्याहरु नै महिला अगुवामा बाधक छन् । अझै कालीकोट जिल्लामा दश वर्ष द्वन्द्वको उदगम स्थल नै यसै क्षेत्र भएकाले अशान्ति र द्वन्द्वको कारणलेपनि विद्यालयमा नराम्रा प्रभाव पारेको छ । राज्य पक्ष र माओवादी दुबै पक्षबाट या अध्ययन क्षेत्रविच्छे भएको छ । शान्ति प्रक्रियाको थालनी भएको लगभग ७ वर्ष भइ सक्दा पनि समाज अझै त्रसित छ । विद्यालय क्षेत्र सुधार भएको छैन् । विद्यालय समाजमा महिला र छात्राहरु माथि दुर्व्यवहारले अझै सम्भ पनि विद्यालय प्रवेश गर्ने आँट छैन । राज्यमा भएको परिवर्तनले समावेशी र सहभागितामूलक नीति˛बमोजिम महिलाहरु क्षेत्रमा सहभागी र समावेश भएका पाइन्छ । यस क्षेत्रमा कार्यरत संख्याहरुले लिङ्गीय भेदभाव हटाउन र महिलाहरुलाई नेतृत्व गर्ने सम्बन्धी सीप, तालिम, गोष्ठि गर्दै केही महिला जागरुक गराएको देखिन्छ । विद्यालयमा छात्रा सहभागिता वृद्धि गर्ने पनि संघसंस्थाहरुले विभिन्न प्रकारका रणनीति र कार्यनीति अख्तियार गरेका छन् ।

### ४.३.५ धार्मिक समस्या

कुनै पनि व्यक्ति र समाज धार्मिक भावनाबाट प्रभावित हुन्छ । मार्क्सवादी दृष्टिकोणमा धर्म समाजको लागि आफिम हो भने झै समाजलाई वर्तमान विश्वको परिवर्तनशील संसारसँग समायोजना गर्न सक्ने क्षमताको विकासको लागि बाधक हो । यस अध्यनन क्षेत्रमा पनि महिलाहरु समाजमा पछि पर्नु, विद्यालयमा महिला शिक्षक र छात्रा सहभागिता कम हुनु

धार्मिक समस्या पनि एक हो । यस अध्ययन क्षेत्रमा धार्मिक नेतृत्वमा पनि पुरुषकै बाहुल्यता देखिन्छ ।

देवी देवताका धामी झाड्री पुरुषहर मात्रै छन् । उनीहरुले धर्म सम्बन्धी वकालतबाट आफ्नो वर्चस्व कायम गरेका छन् । यस दृष्टिकोणले पनि पुरुष बलवान र महिला कम्जोरको अवधारणा प्राप्त छ । त्यसकारण विद्यालयमा छात्राहरुको तुलनामा छात्रहरुको संख्या बढी छोरीलाई भन्दा छोरा नै अग्रसर गराउनु पर्दछ भन्ने परम्परागत मानसिक उपजबाट समाजमा र विद्यालय तहमा महिला पुरुष र छात्र/छात्राहरु बीच व्याप्त असमानताहरु छन् । आमा बाबुको मृत्यु पश्चात तेह्र दिने काज किरीया पनि छोराले नै गर्नुपर्दछ भन्ने परम्परागत धार्मिक मूल्य मान्यताले पुरुषलाई अगाडी बढाउने र महिलालाई अधिकार बीहिन बनाउने कार्य गरेको छ । यस्तो परम्परा ब्राहमणवादी सोच चिन्नले पनि छोरालाई कुलको मालिक बनाएको छ भने छोरीलाई अर्कोको दासत्वमा जिम्मा लगाई छोरी माथि घ्रणीत व्यवहार गराएको छ । यस्ता प्रकारका असमान रुपी दानवीय धार्मिक हत्कण्डा हुँदा हुँदै पनि पहिलेको तुलनामा अहिले विद्यालयमा प्रति वर्ष छात्रासंख्या वृद्धि भइरहेको छ । तल्लो जाति र माथिल्लो जातीमा धार्मिक संस्कार ओहोर दोहोर गर्नमा विकराल खाडल छ । दलित जातीका महिला र छात्राहरुलाई आत्यधिक निच दृष्टिकोणले हेर्ने संस्कार छ । यि सम्पूर्ण प्रकारका धार्मिक असमानताहरुको निराकरण गरी स्वच्छर पवित्र स्वर्णिम समाजको निर्माण गरी समान अवसर, समान अधिकार प्रदानयुक्त नीति नियम तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यक देखिन्छ ।

अध्ययन क्षेत्रका प्राथमिक विदालयहरुमा महिला शिक्षक र छात्रा सहभागिता न्युन उपस्थिति हुनुमा पराम्परगत मान्यताबाट समाजमा खदिएर रहेका विभिन्न समस्याहरु बर्तमान समयसम्म पनि विद्धामान रहेको स्थिति देखिन्छ । त्यस्ता प्रकारका समस्याहरुबाट छुट्कारा दिएर समान अवसर सहअस्तित्वको धारणाको विकास गर्न विविध पक्षहरुबाट थुप्रै प्रकारका कदमहरु चालिएकोमा पुर्ण रुपमा त्यस्ता समस्याहरु निरकरण हुदै गइरहेको स्थिति देखिन्न । क्रमिक सुधारात्मक निर्देशानात्मकको संकेत पाइन्छ ।

## ४.४ प्राथमिक विद्यालयमा छात्रा सहभागिता वृद्धि गर्ने उपायहरु

अध्ययन क्षेत्र अन्तर्गतको पिछाडिएको छात्राहरुलाई प्राथमिक तहमा अत्याधिक रुपमा उपस्थित गराउन के उपायहरु गर्न सकिन्छ भनेर गरेको अध्ययनमा विविध विचारहरु व्यक्त

भएका छन् । अभिभावक, शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति अध्यक्ष मार्फत प्रश्नावली मार्फत बुझ्ने प्रयास गरिएको थियो । अभिभावकको विचारमा छात्राहरुका लागि विशेष कार्यक्रम लागू गरी छात्राहरुलाई निःशूल्क पोषाक, खाजा र छात्रवृत्तिको रकम वृद्धि गरिनुपर्ने कुरा व्यक्त भएको थियो । छात्रावृत्ति रकममा वृद्धि, निःशुल्क पोषाक र पाठ्यपुस्तक, विद्यालयमा आकर्षण गर्ने कार्यक्रम गरी छात्राहरु विद्यालयमा बढ्ने थिए । स्रोतकेन्द्र कोट्वाडाका स्रोतव्यक्तिलाई सोध्दा उहाँले अभिभावकको चेतना स्तरमा वृद्धि साथै शिक्षित महिलाहरुका लागि रोजगारीको ग्यारेन्टी गरे मात्र विद्यालयमा छात्राहरुको उपस्थितिवद्धि हुन सकिने कुरा व्यक्त गरेका थिए । माथिको अध्ययनबाट प्राप्त विचारहरुलाई विश्लेषण गर्दा निम्न उपायहरुलाई निचोडमा निकालिएको छ ।

### ४.४.१ अभिभावकको आर्थिक अवस्था सुधार्नु पर्ने

न्यून मानवीय आवश्यकता परिपूर्ति विना अन्य आवश्यकता गौण रहने अब्राहम मास्लोको आवश्यकता श्रृङ्खला सम्बन्धी धारणा यहाँ पनि लागू भएको छ । अध्ययन क्षेत्र अन्तर्गतका गाँउमा रहेका छात्राहरुका घरायसी आर्थिक अभावका कारण शिक्षाको आवश्यकता तर्फ केन्द्रित नै छैनन् । यो समस्या सुलझाउन नसके छात्रा सहभागिता बढ्न नसक्ने धारणा शिक्षक, विद्यार्थी, अभिभावक सबैको पाइन्छ । यसको लागि विभिन्न उत्प्रेरणा र हकवासको समस्या हालै आयप्रदान गरिनु जुरुरी देखिएको सबैको साझा धारणा पाइयो । यस अध्ययन क्षेत्रका अभिभावकलाई रोजगारमूलक सीप तथा तालिम प्रदान गरिएमा अभिभावकको आर्थिक स्तरमा सुधार भई विद्यालय जाने छात्राहरुको संख्या वृद्धिहुने देखिन्छ ।

### ४.४.२. छात्रवृत्ति रकम वृद्धि गरिनु पर्ने

सम्पूर्ण छात्राहरुमका लागि वार्षिक रुपमा केही छात्रवृत्ति रकम सरकारले वितरण गर्दैमा आइरहेको भएता पनि यो रकम ज्यादै न्यून भएका कारण वास्तविक सदुपयोग हुन नसकेको तथ्य प्रष्ट भइ सकेको छ । प्रर्याप्त छात्रवृत्ति वितरण गर्ने गरेमा एकातर्फ छात्राहरु र अभिभावकहरु छात्रवृत्तिको लोभले गर्दा पनि छात्राहरुलाई विद्यालय पठाउछन भने अर्को तर्फ लानशिल छात्राहरु सो रकमको सदुपयोगबाट पठनपाठनलाई समेत निरन्तरता दिन सक्छन् । गरिबीले पिल्सीएको क्षेत्रमा प्रर्याप्त मात्रामा छात्रवृत्ति रकम सदुपयोग नहुने समस्या समाधानका गर्नका लागि रकमको सट्टा कापी, कलम, पोषाक र पढाइमा आन्यधिक सामग्री

वितरण गरेर उचित अनुगमन गर्नुपर्ने समेत देखिन्छ । यदि रकम नै उपलब्ध गराएमा किस्ताबन्दी तरिकाले दिँदा उपयुक्त देखिन्छ ।

पाउलो फ्रे (१९६७), को चिन्तनमा जस्तै शिक्षा उत्पीडन वर्गाको पहुँचसम्म पुऱ्याउनमा छात्रवृत्तिले ठूलो सहयोग गर्दछ । प्राप्त छात्रवृत्तिको दुरुपयोग गर्नेलाई उचित दण्डको समेत व्यवस्था गरेर रकम वृद्धि गर्नुपर्ने देखिन्छ । छात्रवृत्ति रकम वृद्धि गर्नुपर्नेमा अभिभावक, स्रोतव्यक्ति अध्यक्ष, विद्यार्थी शतप्रतिशत सहमत छन् । प्राथमिक तहमा छात्रा संख्या बढाउने उपाय छात्रवृत्ति रकम वृद्धि पनि हो । खनाल (२०५८) ले छात्रवृत्ति रकम वृद्धि गरिएमा छात्रा सहभागिता वृद्धि हुने भनेझैं यो अध्ययन क्षेत्रमा पनि छात्रवृत्ति रकममा वृद्धि गरिएमा छात्राहरुको विद्यालय जाने संख्या बढ्ने देखिन्छ ।

### ४.४.३ पोशाक र खाजा नि:शुल्क वितरण गर्नुपर्ने

विद्यालय पोशाक र खाजा नि:शुल्क वितरण गर्ने कुरामा अभिभावक र शिक्षक विद्यार्थीको जोड रहेको छ । सबैको जोड पोषाक र नि:शुल्क खाजा वितरणमा रहेको छ । यो एक प्रत्यक्ष प्रेरणा भएका कारण विद्यार्थी, अभिभावक सबैलाई पढाइप्रति चासो बढाउने देखिन्छ । स्किनरले निरन्तर पुनर्वलको धारणा प्रयोग गरी पढाइप्रति अभिभावक र विद्यार्थीलाई उत्प्रेरित गर्नुपर्दछ ।

### ४.४.४ महिला शिक्षकको व्यवस्था गरिनुपर्ने

यस अध्ययन क्षेत्रमा सबै सरोकारवाला सबैको विद्यालयमा महिला शिक्षक नै हुनुपर्दछ भन्ने चाहना रहेको पाइन्छ किनभने छात्र छात्राहरुमा जतिको महिला शिक्षकको सहानुभूति दया, माया, प्रेम, स्नेह रहन्छ त्यतिकै पुरुष शिक्षकसंग हुन सक्दैन । महिला शिक्षकले आफ्नो समुदायमा गएर त्यहाँका विद्यालय वाहिरका छात्रालाई शिक्षाको संरचना भित्र ल्याउन समेत सहयोग गर्न सक्छन् । महिला शिक्षकका कारण अनपढ अभिभावक पनि पढाइ प्रति चासो बढेर छात्राहरुलाई विद्यालय पढाउन जागरुक हुन्छन् ।

### ४.४.५ शिक्षित महिलालाई रोजगारी दिनुपर्ने

वर्षौ पढेर जागिर नपाएपछि शिक्षित छात्रा तथा अभिभावकमा खिन्नता र पढाईप्रति नकारात्मक धारणा पैदा हुन थाल्दछ । अन्य लेख पढ नगरेका अभिभाकले पनि पढाइ भन्दा

श्रम नै बढि फाइदा देख्छन् । साना छात्रालाई पढाइ भन्दा घरका सामान्य काम र श्रम लगाउने गरेको पाइन्छ । सामाजिक उत्प्रेरणा र हौसला वृद्धि गर्न नमूना बनेर रोजगार छात्राहरु सामाजिक परिचालक बन्न सब्छन् । सर्टिफिकेटको मात्र भर नभई उच्च अङ्क र व्यवहारिक ज्ञानको आधारमा शिक्षित छात्राहरुलाई उचित र सम्मानीत रोजगारी प्रदान गर्नु जरुरी छ । सुखी सम्पन्न जीवन सम्मानित सामाजिक प्रतिष्ठान र रोजगार प्राप्तिको लागि समेत सानै उमेर देखि छोरी पढाउन पर्नेमा जागरण सृजना हुन्छ । शिक्षित महिलालाई रोजगारी दिनुपर्ने सरोकारवाला सबैको विचार पाइयो ।

### ४.४.६ छात्राहरुलाई द्वन्द्वबाट भयमुक्त गरिनुपर्ने

मानवीय संवेगको पहिलो रुप डर भनेर मनोविज्ञानले प्रष्ट पारेको बखत स्वभावैले छात्राहरुमा डर बढि नै देखा पर्दछ । यदि ती साना छात्राहरु पढ्न जाने विद्यालय द्वन्द्वको चपेटामा परेको छ भने उनीहरुमा विद्यालय जान डर लागेर आउँछ । यदि गइहाले पनि छिट्टै भागेर आउने गर्दछन् । विद्यालय शान्ति क्षेत्र भन्ने नारालाई चरितार्थ पार्नुपर्ने जरुरी छ । द्वन्द्व दुवै पक्षको दुश्मन न त छात्रा हुन न त शिक्षक नै उनीहरु द्वन्द्वको प्रभावबाट बाहिर राखिनुपर्दछ । यस सम्बन्धमा अभिभावक शिक्षक,विद्यार्थी सबै पूर्ण सहमत देखिन्छन् ।

### ४.४.७ अभिभावकलाई चेतना दिइनु पर्ने

मदिरा सेवन गरेर राती अवेर आउने अभिभावकले छोरीको पढाइमा पटक्कै ध्यान दिएको हुँदैन । यसै अध्ययनका क्रममा घरमा पुग्दा कतिपय अभिभावकलाई शिक्षा, चेतना प्रदान गरेमा प्राथमिक तहमा छात्रा संलग्नता बढ्ने देखिन्छ । यस कुरामा अभिभावक ६६.६६ प्रतिशत र अन्य सबै शतप्रतिशत नै सहमत देखिन्छन् र सचेत अभिभावक विना शिक्षाको प्रमुख लगानी विद्यार्थी विद्यालयसम्म आउन सक्दैनन । पाउलो फ्रेरेको पिछडिएका अभिभावक चेतनाशिल भएमा मात्र छात्राको शिक्षामा लगानी गर्दछन् भने जस्तै यस अध्ययन क्षेत्रका अभिभावकहरुमा पनि चेतना वृद्धि गरिएमा विद्यालयमा छात्रा सहभागिता वृद्धि हुने देखिन्छ ।

विगत वर्षदेखि क्रमिक रुपमा वर्तमान समयसम्मको समय आवधिलाई अध्ययन गर्दै जादा समाजको समता र समानाता मुलक चेतनाको विकास हुदै गएको देखिन्छ । विद्यालयमा क्रमशः महिला शिक्षकको उपस्थिति पनि वृद्धि हुदै गएको र प्रत्येक विद्यालयमा छात्रा र

छात्रको संख्या बराबर अनुपातमा उपस्थिति हुनुका साथै कति पय विद्यालयका कक्षाहरुमा छात्राहरुको संख्या बढी नै रहेको देखिन आएकोले पनि क्रमशः लैङ्गिक भेदभावको अन्त्य हुदै गएको देखिन्छ ।

# परिच्छेद पाँच : निष्कर्ष र सुझावहरु

कालिकोट जिल्ला अन्तर्गत कोटवाडा स्रोतकेन्द्र अन्तर्गतका १२ वटा प्राथमिक विद्यालय नमूना छनौट गरी महिला शिक्षकको उपस्थितिले छात्रा सहभागितामा परेको प्रभाव अध्ययन शीर्षकमा गरिएको अध्ययनमा पटक पटक विद्यालय गएर तथ्याङ्क संकलन र प्रश्नावली भराउने कार्य गरियो भने विद्यालय स्तरीय तथ्याङ्कको समेत विश्लेषण गरिएको छ । ति समग्र तथ्याङ्क एवं विचारहरुलाई परिच्छेद चारमा विश्लेषण गर्दा प्राप्त भएका निष्कर्ष तथा सिफारिसहरुलाई यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

## ५.१ निष्कर्ष

प्राथमिक तहका उमेर समुह (५-१२) का छात्राहरुको संख्या धेरै भएता पनि अधिकांश विद्यालय वाहिर रहेको पाइन्छ । भर्ना भएका छात्राह पनि कक्षा दोहोऱ्याउने र कक्षा छोड्ने बढि भएको पाइन्छ । विद्यालयमा नियमित उपस्थित भएको पाइदैन । विद्यालय जानु पर्ने भन्ने कुराको महत्व रहेको पाइदैन । अझै दलित समुदायमा यो प्रवृती अत्यधिक बढि रहेको पाइन्छ । यदि विद्यालय गइहाले पनि पढाइप्रति चासो नभइ साथी संगीसंग खेल्नको लागि जाने गरेको पाइन्छ । अध्ययनको क्रममा फेला पारेका तथ्य र अवलोकनको आधारमा चेतनाको कमी आर्थिक, सामाजिक र द्वन्द्व नै प्रमुख कारण पत्ता लागेका छन् ।

दलित छात्राहरु र अभिभावक दुबै पढाइप्रति नकारात्मक धारणा राख्ने भएकाले गर्दा विद्यालय शिक्षा प्रति चासो खासै पाइदैन । छोरी पढ्न गएकोले काममा बाधा भएको ठान्छन् प्रायजसो अभिभावकहरु छोरीको शिक्षामा लगाएको लगानीबाट छोरीको भविष्य उज्वल हुन्छ भन्ने कुरा बुझेका छैनन । आफ्ना छोराछोरी पढ्ने विद्यालयमा नियमित रुपमा गएर पठन पाठनको बारेमा बुझ्ने बानीको विकास भएको छैन ।छोरी पढ्न पठाएमा कसले काम गर्ने ? र कसरी पेट पाल्ने ? भन्ने धारणा अझै अभिभावकमा रहेको छ । छोरीले पढेर कति वर्ष पछि पैसा कमाउने हुन् । थाहा छैन बरु काम गरेर मात्र पेट पालिन्छ भन्ने भनाइ छ । यस्ता चेतना विहिन अभिभावक र विद्यार्थी भएको स्थानमा प्राथमिक तहमा भर्नादर बढाइ छात्राहरुको शैक्षिक स्तर उकास्न जटिल कार्य भएको छ ।

देशभर विभिन्न समस्याको कारण बनेको द्वन्द्वले शिक्षा क्षेत्र समेत अछुतो रहेको छैन । विद्यालय हाताभित्र हुने विभिन्न घटना र त्रासका कारण छात्राहरु विद्यालय जान

हिचकिचाउँछन् । शिक्षा कार्यालयका कर्मचारीहरु, शिक्षकहरु, अभिभावकहरु र विद्यार्थीका अनुसार गरिवी एक प्रमुख कारण बन्नाले प्राथमिक तहमा छात्राहरुको संख्या न्यून हुन गएको भन्ने शतप्रतिशत भनाइ पाइयो । अभिभावकलाई भयमुक्त वातावरणमा पढाउने र विद्यार्थी निविर्वादरुपमा विद्यालय आउने जाने गर्न पाउदैनन्, तबसम्म विद्यालय दरबन्दी भए पनि शिक्षक विहिन र कक्षाकोठा विद्यार्थी विहिन बन्ने अवस्था रहिहरन्छ । अभिभावक, विद्यार्थी र शिक्षकलाई उचित शान्तिपूर्ण वातारणमा कर्तव्यनिष्ठ विद्यालय निरीक्षकले कक्षा अवलोकन र सचेतना कार्यक्रम अघि बढाउन सकेमा विद्यालयमा छात्राहरुको संख्या बढाउन सकिन्छ । प्रमुख समस्याको रुपमा रहेको दलित समुदायमा सामाजिक पछौटेपन व्यापक रहेको पाइयो । शिक्षा प्राप्तिको नकारात्मक धारणा र चेतनाको अभावका कारण विद्यालयप्रति उल्लेख्य चासो राखेको पाइदैन । छात्रालाई केन्द्रित गरेर शिक्षा क्षेत्रमा छात्रवृत्ति लगायतका विशेष कार्यक्रमहरु सञ्चालन गरिएका भए पनि छात्राहरुको प्राथमिक तहको शिक्षामा पहुँच उल्लेख्य रुपमा पुग्न सकेको पाइएन । उक्त समस्यालाई सम्बोधन गरी राष्ट्रिय तथा स्थानीय स्तरबाट स्पष्ट निती्का साथ अभिभावक सचेतनामूकल कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ ।

## ५.२. सुझावहरु

यस अध्ययनलाई सम्पन्न गर्ने क्रममा अध्ययन क्षेत्रका लागि छनौट गरिएका विद्यालयबाट तथ्याङ्क र सरोकारवालाहरुको विचार संकलन गरियो । तथ्याङ्क संकलनबाट विद्यालय कक्षामा केही मात्रामा छात्रा सहभागिता संख्या वृद्धि भएको देखियो तापनि अझै छात्रा सहभागिता जती हुनु पर्ने थियो । त्यसमा छात्राहरुका तुलनामा न्यून नै देखियो । यस सम्बन्धी सरोकरवालाहरुको धारणा बुझ्दा प्रत्येक विद्यालयमा महिला शिक्षकको दरबन्दी बढी हुने हो भने विद्यालयमा छात्रा सहभागिता बढ्ने धारणा गरेको पाइयो । प्राथमिक विद्यालयमा बढी भन्दा बढी छात्रा सहभागिता गराई महिलामा शिक्षाको पहुँच पुग्नु आधुनिक समाजमा अपरीहार्य छ । त्यसको लागि केही उपायहरु सुझावको रुपमा यहाँ प्रस्तुत छन् ।

### ५.२.१ नीतिगत तह

परिवर्तनशील समयक्रम अनुसार महिलामा विभिन्न क्षेत्रमा केही सुधार र परिवर्तन हुँदै आइरहेको छ । अझै महिला समुदायको आर्थिक उन्नतीका लागि प्रत्यक्ष सहभागितामा गरिबी निवारका विशेष कार्यक्रमहरु सञ्चालन गनुपर्ने, विद्यालयमा छात्रा बढी सहभागिता गराउनका लागि विभिन्न आकर्षक कार्यक्रमहरु सञ्चालन गर्नु आवश्यक देखिन्छ । जस्तैः

पर्याप्त छात्रवृत्ति पोषाक, खाजाको व्यवस्था, महिलाले आफ्नो योग्यता अनुसार कै रोजगारीको अवस्था दिने जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्दछ । विद्यालय पहुँच बाहिरको छात्रा तथ दलित छात्राहरुको तथ्याङ्क संकलन गरी राख्नु पर्ने । प्रत्येक विद्यालयमा महिला शिक्षकको व्यवस्था गरी छात्राहरुको आत्मबल बढाउने कार्य गर्नुपर्ने, विद्यालय जाने उमेरका सबै छात्राहरुलाई अनिवार्य पढ्न पठाउनु पर्ने, विद्यालयबाट प्राप्त हुने छात्रावृत्ति समयमा नपाएका खोजी गर्ने, सामाजिक रुपमा सम्मान, प्रतिष्ठान प्राप्तिको लागि महिला जागरण कार्ययोजना लागू गर्ने, सन्तान उत्पादन दर कमगरी सानो, खुसी र शिक्षित परिवार बनाउने तर्फ जोड दिने र लिङ्गीय विभेद विरुद्ध सामाजिक चेतना फैलाई समाजमा समतामूलक वातारण सृजना गर्नुपर्ने देखिन्छ ।

### ५.२.२ कार्यान्वयन तह

महिला शिक्षा सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरु लिएर छात्रा भर्ना वृद्धि गर्न घरदेलो कार्यक्रम सञ्चालन गरी विद्यालय शिक्षाप्रति उत्प्रेरित गर्ने विद्यालयमा नियति उपस्थित हुने र राम्रो अङ्क ल्याएर कक्षा पास गर्ने छात्रालाई विशेष पुरस्कारको व्यवस्था गर्ने, अभिभावकलाई विद्यालय प्रति चासो देखाएको र छोरी सफा र स्फूर्त रुपमा विद्यालय पठाएको आधारमा वार्षिक रुपमा पुरस्कृत गर्ने, शिक्षक, अभिभावक अन्तरक्रिया सशक्त बनाई विद्यालय सुधार योजना बनाई लागू गर्नुपर्ने, शिक्षकहरुमा शिक्षकहरुमा नेतृत्व सीप विकास तालिम प्रदान गरी छात्राप्रति उत्तरदायि गराउनुपर्ने, कक्षामा सबै विद्यार्थीहरुलाई समान व्यवहार गर्ने, कक्षा मोनिटर बन्नमा छात्राहरुलाई प्रोत्साहन गर्ने, छात्रा छात्रवृत्तिको उपयोग सही रुपमा गरे/नगरेको अनुगमन गर्ने र घरधुरी सर्वेक्षण गरी आवश्यक कार्यक्रम बनाउने र कार्यान्वयनका लागि पहल गर्नुपर्ने, महिलाहरुको परम्परागत पेशालाई आयमूलक गराई छात्राहरुलाई पठनपाठन गराउन सक्षमता हासिल हुने खालको छोटा अवाधिको योजना स्थानीय स्तरमा बनाई लागू गर्ने पिछाडिएका महिलाहरुको समूह निर्माण गरी एकिकृत सामूहिक परिचालनद्वारा चनचेतना अभिवृद्धि गर्ने, जिल्लामा वा गाउँमा अवस्थिति सरकारी वा गैर सरकारी संघ संस्थाहरुले महिला तथा विद्यालयमा छात्रा सहभागिता बढाउन विभिन्न कार्यक्रमहरु विद्यालय स्तरसम्म पुऱ्याउनु पर्ने विद्यालयको निरन्तर अनुगमन गर्ने, विद्यालय स्तरमा छात्राहरुको तथ्याङ्क प्रष्ट राख्ने छात्राहरुका अभिभावकलाई उत्तरदायि बोध सम्बन्धी तालिमहरु प्रदान गर्ने र जिल्ला शिक्षा योजनामा महिला तथा छात्राका लागि विशेष प्याकेज कार्यक्रम गराई लागू गर्ने र गाउँ शिक्षा योजनामा पनि महिला तथा छात्रा सहभागिता

विद्यालय तहमा बढाउन विभिन्न खालका प्रोत्साहनमूलक कार्यक्रम सम्बन्धी योजना लागू गर्नुपर्ने सुझावहरु प्रस्तुत गरिएको छ ।

### ५.२.३ अनुसन्धानात्मक तह

अनुसन्धान बौद्धिक विश्लेषणबाट वास्तविक परिणाम प्राप्त गर्ने प्रक्रिया भएता पनि मैले गरेको अध्ययन आर्थिक, भौगोलिक, समयका अभावका कारण वृहत क्षेत्रलाई समेट्न नसकि सानो क्षेत्रलाई नमुनाको रुपमा छनौट गरी सम्पन्न गरेकाले छात्राहरुको सम्पूर्ण अवस्था उल्लेख नभएका शैक्षिक अवस्थामा सम्बन्धी सम्पूर्ण विषय वस्तु नसमेटिन सक्छन् । नमुनाको रुपमा अध्ययन गर्दा कहिले काही एउटै पक्ष र सम्पन्न वा विपन्न वर्गको छात्राको मात्रै तथ्याङ्क आउन सक्ने सम्भावना रहन सक्छ । तसर्थ अब उप्राप्त यस विषयसँग सम्बन्धित रहेर गरियो अध्ययन अनुसन्धानमा वृहत क्षेत्र समेटी समग्र विद्यालयमा छात्रा सहभागिताको अवस्था विश्लेषण गर्न सुझावहरु प्रस्तुत गर्दछ । शैक्षिक तथा छात्र/छात्रा तथा महिला शिक्षक सम्बन्धी तथ्याङ्कको मात्रै विश्लेषण गर्दा सम्पूर्ण रुपमा समस्याहरु नदेखिन सक्ने हुँदा महिला शिक्षक तथा छात्राहरुको वास्तविक पृष्ठभूमि आर्थिक अवस्था तथा सम्पती सम्बन्धी विवरण विश्लेषण गर्दा अनुसन्धान पूर्ण हुने अपेक्षा सुझावको रुपमा राखिएको छ ।

उपरोक्त उल्लेखित सुझावहरुलाई कार्यन्वयन गर्नका लागि जनस्तरबाटै चासो र सरोकार देखाउन सक्नु पर्दछ । हाम्रो समाजबाट लगानी प्राप्त गरेर सोको उत्पादन पनि त्यस्तै समाज वितरण गर्न शैक्षिक प्रणालीको महत्त्वलाई सामान्य रुपमा नलिएर हरेक पक्ष शिक्षक, अभिभावक, विद्यार्थी, वृद्धिजिवी र समाजसेवी आदि लागी पर्नुपर्ने आवश्यक भएको छ । महिला समुदायको शिक्षाका लागि लगानी गरिएको रकम राष्ट्र विकासका लागि जग बन्ने छ । सामाजिक परिचालन घरदैलो जस्तो कार्यक्रम शिक्षक, अभिभावक, शिक्षावीद, कर्मचारीहरु बीचको सहकार्यमा सञ्चालन गर्न सकिन्छ भने वित्तिय सुधारका कार्यक्रमहरु छात्रवृत्तिको रकम वृद्धि गर्ने निःशूल्क पोषक, खाजा वितरण, रोजगारी महिलालाई विशेष अवसर आदि सरकारी तवरबाट स्थानीय वा केन्द्रीय रुपमा नै सञ्चालन गर्नुपर्ने देखिन्छ । यि सबै कार्यक्रमहरुलाई सशक्त रुपमा कार्यान्वयन गर्न सकेको खण्डमा विद्यालय तहमा छात्रा सहभागितामा उल्लेखनीयहरुमा वृद्धि हुने भएकाले सम्बन्धित सबै पक्षबाट पहल गर्नुपर्ने आवश्यक देखिन्छ ।

## सन्दर्भ सामग्री


अन्तरिम संविधान (२०६३) *नेपालको अन्तरिम संविधान,* काठमाडौं : बौद्धिक दर्पण प्रकाशन ।

अधिकारी, विष्णुप्रसाद (२०६८), *लैङ्गिक समानताका लागि भएका प्रयासहरु,* निम्नमाध्यमिक विद्यालय अध्यापन अनुमती पत्र, काठमाडौं : आशिस बुक्स प्रणाली बागबजार ।

आचार्य, अम्बिका प्रसाद (२०६०), *नेपालको शैक्षिक प्रशासन सामान्य ज्ञान,* काठमाडौं ? बुक्स एण्ड स्टेशनरी सेन्टर ।

आचार्य, दयाराम (२०६५), *सार्वजनिक प्राथमिक विद्यालयमा अध्ययन गर्ने छात्राहरु शिक्षा पुरा नगरी बिचैमा कक्षा छाड्नुका कारण एक अध्ययन,* अप्रकाशित शोधपत्र, सुर्खेत : सुर्खेत क्याम्पस (शिक्षा) ।

उपाध्याय, जागेश्वर (२०६६), *माध्यमिक तहको विद्यालय शिक्षामा छात्रा सहभागिता एक अध्ययन,* अप्रकाशित शोधपत्र, सुर्खेत : सुर्खेत क्याम्पस (शिक्षा) ।

ओझा, सीता (२०६१), *विद्यालय उमेरका बालबालिकाले विद्यालय छोड्ने कारण एक अध्ययन,* अप्रकाशित शोधपत्र, सुर्खेत : सुर्खेत क्याम्पस (शिक्षा) ।

काफ्ले, दिपक (२०६०), *सबैका लागि शिक्षा लक्ष्य प्रण र कार्ययोजना,* काठमाडौं : अन्तराष्ट्रिय शैक्षिक मञ्च वर्ष २ अंक ५ २०६० भाद्र ।

के.सी., शान्ता (२०६६), *माध्यमिक विद्यालयमा महिला शिक्षकको सहभागिताले शिक्षण सिकाइमा पारेका प्रभाव एक अध्ययन,* अप्रकाशित शोधपत्र, सुर्खेत : सुर्खेत क्याम्पस ( शिक्षा) ।

गुरुङ, सुनीता (२०६०), *समाजको संकिर्ण दायरामा महिलाहरु* शोपान मासिक, काठमाडौं : डिल्ली बजार ।

नेपाल, कमल (२०६५), *मुखमा महिला मुक्ति पेटमा पुरुषवाद,* काठमाडौं : उत्सर्ग प्रकाशन राजधानी दैनिक वर्ष ५ अंक १४ असोज ।

बस्नेत, सरोश्वती (२०६४), *प्राथमिक विद्यालयमा महिला शिक्षकको सहभागिताले पारेको प्रभाव एक अध्ययन,* अप्रकाशित शोधपत्र, सुर्खेत : सुर्खेत क्याम्पस (शिक्षा) ।

बान्तोला, नरवहादुर (२०६८), *अधारभूत तहमा छात्राहरुको सहभागिता एक अध्ययन,* अप्रकाशित शोधपत्र, सुर्खेत : सुर्खेत क्याम्पस (शिक्षा) ।

वि.सी., सुमित्रा (२०६७), *विद्यालय शिक्षणमा महिला शिक्षकको अवस्था एक अध्ययन,* अप्रकाशित शोधपत्र, सुर्खेत : सुर्खेत क्याम्पस (शिक्षा) ।

रावत, चक्रबहादुर (२०५८), *प्राथमिक विद्यालय तहमा छात्रा छात्रवृत्ति प्रभावकारिता एक अध्ययन,* अप्रकाशित शोधपत्र, सुर्खेत : सुर्खेत क्याम्पस (शिक्षा) ।

लामिछाने, राममाया (२०६५), *संरक्षणवादी सोच भित्र विभेद,* काठमाडौं : धर्मपथ गोरखापत्र दैनि वर्ष ११ अंक १०५ भाद्र ।

वली, खीमा (२०६६), *महिला महिला भेद,* काठमाडौं : कान्तिपुर दैनिक वर्ष १२ अंक २५ भाद्र ।

शाही, शारदा (२०६४), *प्राथमिक विद्यालयमा महिला शिक्षिकाको सहभागिता एक अध्ययन,* अप्रकाशित शोधपत्र, सुर्खेत : सुर्खेत क्याम्पस (शिक्षा) ।

सापकोटा, चक्रमणी (२०६२), *सुर्खेत जिल्लाका महिलाको शैक्षिक अवस्था एक अध्ययन,* अप्रकाशित शोधपत्र, सुर्खेत : सुर्खेत क्याम्पस (शिक्षा) ।

सिंह, रमा (२०६१), *छोरीलाई सम्पत्ति कि शिक्षा ?,* काठमाडौं : नारी मासिक पत्रिका डिल्ली बजार ।

सुवेदी, खगेन्द्र (२०६८), *लैङ्गिक अवधारणा,* काठमाडौं : मुख्य महिला कार्यकर्ता दिग्दर्शन, पिनाकल पब्लिकेशन प्रणाली बागबजार ।

शैक्षिक वुलेटिन - कालीकोट : जि.शि.का. ।

शैक्षिक तथ्याङ्क - कालीकोट : स्रोत केन्द्र कोटवाडा ।

# महिला शिक्षकको उपस्थिति र छात्रा सहभागिता

## अनुसूची-१

## विद्यार्थीलाई सोधिएका प्रश्नहरु

विद्यालयको नाम : ठेगाना :

विद्यार्थीको नाम : कक्षा :

१. तिमीलाई कक्षाकोठामा कसले पढाएको बढि मन पर्छ ?

क) शिक्षक ख) शिक्षिका ग) दुबै घ) मन पर्दैन

२. कक्षामा तिमीलाई साथीले कस्तो व्यवहार गर्छन् ?

क) समान ख) भेदभावपूर्ण ग) मध्यम घ) वास्ता गर्दैनन्

३. कक्षाकोठामा शिक्षण गर्दा महिला शिक्षकले कसलाई बढि प्राथमिकता दिने गर्नुहुन्छ ?

क) छात्रा ख) छात्र ग) दुबै घ) कसैलाई हैन

४. विद्यालय जान तिमीलाई कसले प्रेरणा दियो ?

क) साथीभाई ख) बुबाआमा ग) शिक्षक घ) अन्य

५. तिमीलाई विद्यालयमा परेको समस्या कसलाई भन्ने गरेका छौं ?

क) प्र.अ. ख) शिक्षक ग) शिक्षिका घ) सबैलाई

६. कापी, कलम किन्न आर्थिक समस्या पर्छ ?

क) पर्दैन ख) कहिलेकाही पर्छ ग) सधै पर्छ

७. तिम्रो कक्षामा छात्रा सहभागिता कति छ ?

क) धेरै ख) मध्यम ग) थोरै घ) कति पनि छैन

८. छात्रवृत्ति रकम केमा प्रयोग गर्ने गर्छौ ?

क) स्कुल ड्रेस किन्न ख) कापी कलम किन्न ग) नास्तामा घ) मदिरामा बुबाले

९. विद्यालयमा कतिको नियमित रुपमा आउछौं ?

क) सधैं जान्छु ख) कहिलेकाही जान्छु ग) गयल हुन्छु

१०. भविष्यमा तपाईको के बन्ने चाहना छ ?

.................................................................................................................

११. विद्यालयमा छात्रा सहभागिता वृद्धि गर्न के गर्नुपर्ला ?

.................................................................................................................

# महिला शिक्षकको उपस्थिति र छात्रा सहभागिता

## अनुसुची-२

## विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई सोधिएका प्रश्नहरु

वि.व्य.स. अध्यक्षको नाम : ठेगाना :

१. तपाइको विद्यालयमा प्रा.वि. तहमा छात्रा सहभागिता कति छ ?

क) धेरै ख) ठिकठिकै ग) न्यून घ) माथिका सबै

२. तपाइको वि.व्य.स.मा कति जना महिला सदस्य छन् ?

क) २ ख) १ ग) ४ घ) ३

३. तपाइको विद्यालयमा महिला शिक्षक कति हुनुहुन्छ ?

क) २ ख) ३ ग) १ घ) छैन

४. आफ्ना विद्यालयमा कक्षा दोहोर्‍याउने छात्रा संख्या कछि छ ?

क) धेरै ख) थारै ग) मध्यम घ) छैनन

५. विद्यालयमा छात्रा भर्नादर कम हुनाको कारण के हो ?

क) चेतनाको अभाव ख) गरिवीपन ग) माथिका दुवै

६. विद्यालयमा महिला शिक्षकको भूमिका कस्तो रहेको पाउनु भएको छ ?

क) सकारात्मक ख) अनुकरणीय ग) प्रशसनीय घ) बोझको रुपमा

७. छात्राहरुलाई छात्रवृत्ति उपलब्ध भएको छ ?

क) छ ख) छैन ग) अलि मात्र

८. तपाइको विद्यालयमा विद्यालय छाड्नेदर बढि केटाको छ की केटीको छ ?

क) केटाको ख) केटीको ग) केटाकेटी दुबैको

९. विद्यालयमा छात्राहरुको भर्नादर र उत्तीर्णदर कम हुनाको कारण के हो ?

.....................................................................................................................

१०. वर्तमान समयमा विद्यालयमा छात्रा सहभागिता वृद्धि गर्न के गर्नुपर्ला ?

.............................................................................................................

११. महिला शिक्षकको शिक्षणमा सहभागिता र प्रभावकारीता बढाउन के गर्नुपर्ला ?

.........................................................................................................

# महिला शिक्षकको उपस्थिति र छात्रा सहभागिता

## अनुसूची-३

## प्रधानाध्यापकलाई सोधिएका प्रश्नहरु

विद्यालयको नाम : ठेगाना : शैक्षिक योग्यता :

प्रधानाध्यापकको नाम : तालिम प्राप्त :

१. छात्रा/छात्रको बसाइ कसरी मिलाउनु भएको छ ?

क) सँगसँगै ख) विद्यार्थीलाई सोधेर ग) एक साइड छात्र र अर्को साइड छात्रा

२. शिक्षक शिक्षिकामा विद्यालयमा बढि उत्तरदायी कसलाई मान्नु हुन्छ ?

क) महिला शिक्षक ख) पुरुष शिक्षक ग) दुबै

३. महिला शिक्षकको सहभागिताले छात्राहरुमा कस्तो प्रभाव पारेको छ ?

क) छात्र भर्नादर वृद्धि ख) छोरी पढाउने चेतना वृद्धि ग) माथिका दुवै

४. छात्रवृत्ति सबैलाई दिनुहुन्छ ?

क) सबैलाई ख) प्रतिभाशालीलाई ग) कसैलाई दिइदैन

५. छात्राहरुको पढाइमा कतिको सक्रियता पाउनु हुन्छ ?

क) अन्य भन्दा बढि ख) अन्य भन्दा कम ग) सामान्य

६. छात्र र छात्रा बीच कस्तो व्यवहार हुने गर्दछ ?

क) भेदभावपूर्ण ख) सदभावपूर्ण ग) झगडापूर्ण घ) अरुभन्दा बढि

७. छात्राहरु कापी कलम विना विद्यालयमा कतिको आउँछन् ?

क) धेरैजसो ख) कहिलेकाही ग) न्यून घ) आउदैनन्

८. छात्राहरु विद्यालय अतिरिक्त क्रियाकलापमा कतिको सहभागि हुन्छन् ?

क) अन्य विद्यार्थी सरह     ख) छात्र भन्दा बढि     ग) छात्र भन्दा कम

९. छात्रा/छात्रका अभिभावक विद्यालयमा भेटघाट गर्न कतिको आउँछन् ?

क) वर्षमा २/४ पटक     ख) वर्षमा १ पटक     ग) निरन्तर     घ) आउँदैनन्

१०. तपाइको विद्यालयमा महिला शिक्षक कति जना हुनुहुन्छ ?

क) २     ख) १     ग) ३     घ) छैनन

११. विद्यालयमा महिला शिक्षक र छात्रा संख्यामा वृद्धि गर्न के के गर्न सकिन्छ ?

..............................................................................................................

१२. महिला शिक्षक भएको र नभएको विद्यालयमा छात्रा सहभागिताको कस्तो प्रभाव छ ?

..............................................................................................................

# महिला शिक्षकको उपस्थिति र छात्रा सहभागिता

## अनुसूची-४

## शिक्षकहरुलाई सोधिएका प्रश्नहरु

विद्यालयको नाम : ठेगाना :

शिक्षकको नाम : योग्यता :

१. छात्राहरुको पढाइमा सक्रियता कतिको पाइन्छ ?

क) छात्र भन्दा बढि ख) छात्र भन्दा कम ग) छात्र सरह घ) सामान्य

२. छात्राहरु विद्यालय क्रियाकलापमा कतिको सहभागी हुन्छन् ?

क) छात्र सरह ख) छात्र भन्दा बढि ग) छात्र भन्दा कम घ) सामान्य

३. छात्रहरुलाई आकर्षित गर्न केही गर्नुभएको छ ?

क) छ ख) छैन

४. तपाइ कति पिरियड पढाउनु हुन्छ ?

क) ४ ख) ५ ग) ६ घ) ७

५. तपाइ आफ्नो पेशाप्रति सन्तुष्टि हुनहुन्छ ?

क) धेरै सन्तुष्टि ख) सन्तुष्टि ग) सामान्य सन्तुष्टि

६. कक्षामा छात्राहरुलाई कस्तो व्यवहार गर्नुहुन्छ ?

क) राम्रो ख) नराम्रो ग) गरिदैन

७. कक्षामा छात्रछात्रालाई कसरी सहभागी गराउनु हुन्छ ?

क) सबै सँगै ख) अलग-अलग ग) सहभागी गराइदैन

८. छात्राहरु कक्षामा कतिको नियमित आउँछन् ?

क) सधै     ख) कहिलेकाँही     ग) सामान्य रुपमा     घ) विद्यालय छाड्छन्

९. परीक्षामा कति प्रतिशत छात्रा उत्तीर्ण हुन्छन् ?

क) शत प्रतिशत     ख) आधा     ग) एक तिहाइ

१०. तपाइले विद्यालयमा कुन कुन कार्यमा सहयोग गर्नुहुन्छ ?

.......................................................................................................................

११. विद्यालयमा दलित छात्राहरु कम हुनाका कारणहरु के के हुन् ?

...................................................................................................................

१२. शिक्षण पेशा तपाइलाई कस्तो लाग्यो ?

...............................................................................................................

## महिला शिक्षकको उपस्थिति र छात्रा सहभागिता

## अनुसूची-५

### अभिभावकलाई सोधिएका प्रश्नहरु

अभिभावकको नाम : गा.वि.स. :

परिवार संख्या : वडा नं. :

१. तपाइका छोरीलाई विद्यालयमा कस्तो व्यवहार गर्दछन् ?

क) राम्रो ख) भेदभावपूर्ण ग) मध्यम घ) सम्मानपूर्ण

२. तपाइको घरबाट विद्यालयमा कति जना बालबालिका पढ्न जानछन् ?

क) छोरा ... जना ख) छोरी ...... जना ग) कोही पनि जादैनन्

३. छोरीलाई विद्यालयमा पढाउनु पर्छ भनी कसले प्रेरणा दियो ?

क) समाजले ख) शिक्षकले ग) आफैले घ) अन्यले

४. घरबाट छोरी पढ्न गएपछि तपाइको काममा कतिको वाधा पर्दछ ?

क) धेरै वाधा ख) वाधा पर्दैन ग) वाधाको रुपमा ठानेको छैन

५. तपाइकी छोरी विद्यालय पढ्न जादा अरुले कस्तो व्यवहार गर्दछन् ?

क) प्रेरणा दिन्छन् ख) दाहा गर्छन् ग) गाली गर्छन घ) वास्ता गर्दैनन्

६. छोरी पढाइको लागि खर्च कसरी जुटाउनु हुन्छ ?

क) श्रम गरेर ख) जागिर गरेर ग) ऋण गरेर घ) छात्रवृत्ति द्वारा

७. तपाइकी छोरी पढ्ने विद्यालय घरबाट कति टाढा छ ?

क) १० मिनेट ख) २० मिनेट ग) आधा घण्टा घ) १ घण्टा

८. तपाइका छोरीले विद्यालयमा छात्रवृत्ति पाउने गरेका छन् ?

क) छन्      ख) छैनन्

९. छात्रवृत्ति पाएमा केमा खर्च गर्नुहुन्छ ?

क) खाना नास्तामा ख) कपडामा      ग) कापी कलममा      घ) अन्यमा

१०. तपाइ कति कक्षासम्म पढ्नु भएको छ ?

क) निरक्षर      ख) ५ कक्षा      ग) ८ कक्षा      घ) एस.एल.सी.

११. सबैले आफ्ना सबै छोरीहरु विद्यालयमा भर्ना नगर्नाका कारणहरु के के हुन् ?

.......................................................................................................

१२. महिला र पुरुष कसलाई बढि प्रभावकारी शिक्षक ठान्नु हुन्छ ?

.......................................................................................................

## महिला शिक्षकको उपस्थिति र छात्रा सहभागिता

## अनुसूची-६

## स्रोत व्यक्तिलाई सोधिएका प्रश्नहरु

नाम : पद : मिति :

१. तपाइको स्रोतकेन्द्र अन्तर्गतका विद्यालयमा छात्राहरु कतिको मात्रामा भर्ना हुन्छन् ?

क) सबै भर्ना हुन्छन् ख) थोरै भर्ना हुन्छन् ग) अति कम मात्रामा भर्ना हुन्छन्

२. छात्राहरु कक्षाकोठामा कतिको सक्रिय रहन्छन् ?

क) छात्र सरह ख) बढि मात्रामा ग) कम मात्रामा

३. कक्षा अवलोकनका बखत तपाइले छात्राहरुलाई स्कुल पोषाक, कापी, कलम कतिको ल्याएको देख्नु भएको छ ?

क) सबैले ल्याएका ख) एकदम कम ग) छात्रहरुले जतिकै

४. कक्षाकोठामा जातीय आधारमा विभेद गरेको पाउनु भएको छ ?

क) छ ख) छैन ग) सामान्य रुपमा

५. छात्रवृत्ति कुन रुपमा वितरण गरेको पाउनु भयो ?

क) कोटाको आधारमा ख) सबै छात्रालाई ग) छात्र छात्रा सबैलाई

६. छात्रवृत्तिको रकम के काममा प्रयोग गरेको पाउनु भएको छ ?

क) खाना नास्तामा ख) कापी कलममा ग) कपडामा घ) घर खर्चमा

७. छोरी पढाउने पर्नेमा अभिभावक कतिको सचेत छन् ?

क) वास्ता गर्दैनन् ख) जागरुक छन्

ग) पढाउन मान्दैनन् घ) सचेत तर बाध्य छन्

८. पढेका छात्राहरुलाई रोजगारीको अवसर कति पाइन्छ ?

क) पाइन्छ　　　　　ख) सबैलाई　　　　　ग) पाइदैन

९. छात्राहरु पढाइमा उच्च स्थानमा नहुनुका कारणहरु के के हुन् ?

...............................................................................................

१०. तपाइको स्रोतकेन्द्रमा छात्राहरुको गुणस्तर विकासको लागि तपाइले के सोच्नु भएको छ ?

...............................................................................................

११. तपाइको स्रोतकेन्द्र शिक्षक र शिक्षिका कतिका लगनशिल इमान्दारी छन् ?

...............................................................................................